जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक


### खानेपानी खर्चमा कटौती

काठमाडौं। खानेपानीमा मासिक झन्डै दुई करोड सकिने सिंहदरबारमा तीन दिनभित्र निजी कम्पनीका बोतल र जारको पानीमा बन्देज लगाउने घोषणा सरकारले गरेको छ। केयुकेएलमार्फत नै सरकारी धारा, ट्यांकर र जारको पानी व्यवस्था गर्ने सरकारी योजना छन्।

खानेपानीमन्त्री अब्दुस खानले बुधबार पदभार ग्रहण गर्दै सिंहदरबारभित्रका हरेक मन्त्रालयका छतमा ट्यांकी राखेर वा धारा जडान गरेर केयुकेएलअन्तर्गतकै खानेपानीको व्यवस्था गर्ने घोषणा गरेका हुन्। उनले यो काम तीन दिनभित्र गर्न मन्त्रालयका सचिव मणिराम गेलाललाई निर्देशन दिएका छन्। सिंहदरबारभित्र हुने सभा, गोष्ठी, सम्मेलनजस्ता कार्यक्रममा निजी खानेपानी बाँकी ८ पेजमा

### प्रधानमन्त्री प्रचण्ड भारत जाने तयारीमा

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको छिमेकी मुलुक भारत भ्रमणका लागि तयारी सुरु भएको छ। राष्ट्रपतिको निर्वाचनलगत्तै प्रधानमन्त्री प्रचण्डको भ्रमण गराउने गरी दुवै देश नेपाल र भारतको कूटनीतिक तहमा छलफल सुरु भएको छ। फागुन तेस्रो साता राष्ट्रपतिको निर्वाचन भएलगत्तै फागुन अन्तिम सातादेखि चैत पहिलो साताबीच प्रधानमन्त्री प्रचण्डको भ्रमण गराउने तयारी छ। भ्रमणको निमन्त्रणा लिएर भारतीय विदेशसचिव विनयमोहन क्वात्रा नेपाल बाँकी ८ पेजमा


वर्ष ११ अंक ३१, २०७९ साल माघ १३ गते शुक्रबार, नेपाल संवत् ११४३ (January 27, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


# पाँचै वर्ष प्रधानमन्त्री बन्ने रणनीतिमा प्रचण्ड

काठमाडौं। संसदभित्रको दोस्रो ठूलो दल एमालेसँग पुस १० गते शक्ति बाँडफाँडमा सहमति गरी तेस्रो पटक नेपालको प्रधानमन्त्री बनेका माओवादी अध्यक्ष प्रचण्ड पाँचै वर्ष कार्यकारी प्रमुखको भूमिकामा रहने रणनीतिमा देखिएपछि एमालेभित्र खैलाबैला मच्चिन थालेको छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीसँग आलोपालो प्रधानमन्त्री, सभामुख एमाले, उपसभामुख राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रपति एमाले, उपराष्ट्रपति माओवादी बन्ने सहमति गरी एमालेलगायत रास्वपा, जपसा, जनमत, नागरिक उन्मुक्ति, राप्रपा र तीन स्वतन्त्र सांसदको समर्थनमा प्रधानमन्त्रीको कुर्सीमा विराजमान भएका प्रचण्डले अहिले राष्ट्रिय सहमतिको तुरुप फालेपछि एमाले झस्किएको हो। अझ माओवादी केन्द्र, जसपा, एकीकृत समाजवादी, समाजवादी नेपाल दलहरूबीच पार्टी एकताको पहल सुरु भएपछि त एमाले अध्यक्ष ओलीको निदहराम भएको राजनीतिक बजारमा चर्चा सुनिन थालेको छ।

माओवादीसँगको सहमति बमोजिम नै एमालेले सभामुख पड्काइसकेको छ। अब राष्ट्रपति पनि एमालेले नै पाउन भने परिस्थितिले साथ नदिने जस्तो देखिँदैछ। संसदभित्रको सबभन्दा ठूलो दल नेपाली कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएपछि राजनीतिक परिस्थिति बदलिन पुगेको हो। राष्ट्रपति आफ्नो ‘एसम्यान’ लाई बनाउने र ३० महिनापछि आफू प्रधानमन्त्री बन्ने र आमनिर्वाचन पनि आफैंले गराउने ओलीको महत्वाकांक्षा अलपत्र पर्ने विकसित घटनाक्रमहरूले बताउन थालेका छन्।

सभामुख र राष्ट्रपति एमालेकै भएपछि प्रधानमन्त्री प्रचण्डमाथि थप दबाब सिर्जना गरी हरेक नीति निर्णयहरूमा ओली ‘हावी’ बन्न सक्ने यथार्थता बुझेका प्रचण्ड ओलीलाई ‘साइज’ राख्ने उपायमा लागेको विश्लेषण गरिँदैछ। यसकै लागि प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवाबीच पटक पटक टेलिफोन संवाद भएको



सुइँको पाएपछि एमाले अध्यक्ष ओली पहिले शितल निवास र पछि बालुवाटार पुगे।

शितलनिवासमा राष्ट्रपति विद्यादेवी भण्डारीसँग उनले के कुरा गरे त्यो बाहिर आएको छैन। तर बालुवाटार पुगेर भने ओलीले साना बामघटकहरूबीचको एकताको प्रसंगबारे प्रधानमन्त्रीसँग चासो प्रकट गरेको बताइन्छ। राष्ट्रपति निर्वाचनअघि नै माओवादी केन्द्र लगायतका बामघटकहरूबीच एकता भए एमालेले राष्ट्रपति पद नपाउने निश्चित छ।


एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पुस १० गतेको सहमति कार्यान्वयन हुन दिने छैनन् भन्ने ओली बुझाइ छ। माओवादी, जसपा र एसबीच एकता भएमा संसदको तेस्रो ठूलो शक्तिको नयाँ हैसियत देखापर्नेछ। यसले राष्ट्रपति निर्वाचनलाई प्रभाव पार्नेछ। ओलीको असन्तुष्टि अहिले यसैमा देखिएको राजनीतिक वृत्तको बुझाइ छ।

कांग्रेस सभापति शेरबहादुर देउवासँग विश्वासको मत माग्न पुगेका बेला प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति निर्वाचनमा कांग्रेसलाई सघाउने प्रतिबद्धता व्यक्त गरेको कांग्रेसका उपल्लो तहका नेताहरूले सार्वजनिक गरिसक्दा पनि प्रधानमन्त्रीले भने यस विषयमा कुनै प्रतिक्रिया नदिनुले पनि माओवादी कांग्रेसप्रति उदार बन्न सक्ने संकेत गरेको छ। प्रधानमन्त्रीले एमाले अध्यक्ष ओलीसहितको एक सर्वदलीय बैठकमा पनि पुस २६ पछि परिस्थिति फेरिएको बताउनुले पनि राष्ट्रपति अब एमालेको भागमा सीमित नरहेको सन्देश प्रवाह गरेको छ।

नेपाली कांग्रेसका हरेक नेताहरूले ‘राष्ट्रिय सहमति’ को नारा लगाइरहेका छन्। यसको अर्थ शक्ति बाँडफाँडमा कांग्रेसलाई नएक्लाइयोस् भन्ने नै हो। प्रतिनिधिसभाको बैठकमा बोल्दै वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्रिय सहमतिको आवश्यकताबारे लामै चर्चा गरिसकेका छन्। मुलुक चौतर्फी अधोगतिमा गएको भन्दै उनले यो गतिलाई रोक्ने एक मात्र उपाय राष्ट्रिय सहमति भएको बताएका छन्। वर्तमान शासन व्यवस्थाका लागि लडेका कांग्रेस कम्युनिस्ट एक ठाउँमा उभिनुपर्ने उनको भनाइ छ।

मुलुक गलत दिशातर्फ गइरहेको साँचो हो। कांग्रेस र कम्युनिस्टप्रति जनतामा निराशा छाएको कुरा भर्खरै सम्पन्न आमनिर्वाचनको मतपरिणामले प्रस्ट पारेको छ। कांग्रेस, एमाले र माओवादीको मत अघिल्लो निर्वाचनको तुलनामा २२ प्रतिशत घट्नु, गणतन्त्रको विरोधी राप्रपाको मत १ सय ५ प्रतिशतले बढ्नु, संघीयता विरोधी अर्को राष्ट्रिय स्वतन्त्र पार्टीले स्थापनाको चार महिना बित्दा नबित्दै करिब १२ प्रतिशत मत हासिल गर्नु लगायतका सूचकहरू अवलोकन गर्ने हो भने वर्तमान शासन प्रणाली धरापमा परिरहेको छ। यही अवस्थामा संघात्मक गणतान्त्रिक संविधानले गति लिन नसक्ने देखिन्छ। यसका लागि दलहरूबीच राष्ट्रिय सहमतिको विकल्प छैन। तर पद बाँडफाँडका लागि गरिने राष्ट्रिय सहमतिले खासै अर्थ राख्दैन। न त यस्तो राष्ट्रिय सहमतिले जनतामा कुनै आशाको बाँकी ८ पेजमा

## प्रेमप्रसादको नियति नदोहोरियोस्



काठमाडौं। नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि सडकमा इलामको सूर्योदय नगरपालिका- ११ केराबारीका श्रीमती र दुई छोरीका पिता ३६ वर्षीय प्रेमप्रसाद आचार्यले मंगलबार दिउँसो शरीरमा पेट्रोल खन्याएर आगो लगाए।

उद्धार गरेर उनलाई कीर्तिपुरस्थित वर्न अस्पताल लगियो। उपचारकै क्रममा बुधबार उनको अस्पतालमै मृत्यु भयो। भ्रष्ट राज्य संयन्त्रका कारण आफू बाँच्न नसक्ने अवस्थामा पुगेको भन्दै संसद् भवनअघि उनले आत्मदाहको प्रयास गरेका थिए। यो घटनाले देशमा आममानिसको संघर्ष र त्यसले निम्त्याएको विपत्तिलाई बहसमा ल्याएको छ।

ट्युनिसियाका एक श्रमजीवी युवा मोहम्मद वैआजिजीलाई बिना लाइसेन्स तरकारी बेचेको बाँकी ८ पेजमा

## “लिटरेसी” मा अगाडि बढ्दै रोटरी



रोटरी क्लब काठमाडौं र रोटरी डिस्ट्रिक ३२९२ रोटरी नेपाल लिटरेसी मिसनले पब्लिक स्कुल टिचर्सका लागि आईसीटी ट्रेनिङजस्तो महत्वपूर्ण कार्यक्रम संयुक्त रुपमा सञ्चालन गरेको छ। उक्त कार्यक्रममा काठमाडौं महानगरपालिकाका १२ विद्यालयका १५ जना शिक्षकहरूको सहभागिता रहेको थियो। उक्त बाँकी ८ पेजमा

## प्रतिष्ठानद्वारा विविध सहयोग



काठमाडौं। विगत हप्ताहरूमा विभिन्न शैक्षिक, सामाजिक र सांस्कृतिक संघसंस्थाहरूलाई सुरेन्द्र ढकाल प्रतिष्ठानबाट आर्थिक सहयोग भएको छ। जसअनुरुप विभिन्न मितिहरूमा नयाँ मार्ग विकास समिति नयाँ बानेश्वरलाई इलेक्ट्रोनिक सामाजिक सुरक्षा संयन्त्र जडानका लागि रु १ लाख, निता बाँकी ८ पेजमा

## विश्वको आर्थिक अवस्था असहज बन्दै

एजेन्सी। पछिल्ला केही समयदेखि विश्वमा मन्दीको आशंका व्यक्त भइरहेको छ। अब आईएमएफले यो वर्ष विश्व अर्थतन्त्रको एक तिहाइ मन्दीको चपेटामा पर्न सक्ने बताएको छ। आईएमएफका प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले अमेरिका, युरोपेली संघ र चीनले आफ्नो अर्थतन्त्र सुस्त हुँदै गएको देख्दा सन् २०२३ गत वर्षभन्दा कठिन हुने बताएका छन्। आईएमएफले अक्टोबरमा विश्वव्यापी वृद्धिको प्रक्षेपण घटाएको थियो। युक्रेनमा चलिरहेको युद्ध र उच्च ब्याजदरका कारण यस्तो भएको हो। बाँकी ८ पेजमा

## व्यापार घाटा ७ खर्ब ११ अर्ब

काठमाडौं। चालू आर्थिक वर्षको आधा अवधिको अन्त्यसम्म देशको व्यापार घाटा १९ प्रतिशतले खुम्चिएको छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार ६ महिनामा राज्यले ७ खर्ब ११ अर्ब ८५ करोड रुपैयाँ व्यापार घाटा बेहोरेको हो।

गत आवको पुस मसान्तसम्म वस्तु आयात र निर्यातको बाँकी ८ पेजमा

## बन्द गर्दै खुलाउँदै क्रसर उद्योग

काठमाडौं। सरकारले मापदण्डअनुसार दर्ता भएका र नभएकालाई विभिन्न सर्त राखेर तत्कालका लागि सबै क्रसर उद्योग खुला गर्ने निर्णय गरेको छ। गत २० पुसमा गृह मन्त्रालयले अवैध क्रसर बन्द गर्न देशभरका जिल्ला प्रशासन कार्यालयलाई पत्रिपत्र गरेपछि उद्योगीहरू विरोधमा थिए।

बुधबारको मन्त्रिपरिषद् बैठकले ऐन र मापदण्डबमोजिम दर्ता भएर वैधानिक ढंगले चलिरहेका क्रसरका हकमा निर्वाध सञ्चालन गर्न दिने निर्णय भएको हो। त्यस्तै, साबिकमा विभिन्न माध्यमबाट दर्ता भएका, तर हालको मापदण्ड पूरा नगरेकाका हकमा आगामी असारसम्म सञ्चालन गर्न दिने निर्णय भएको छ। यस्ता क्रसरलाई त्यतिवेलासम्म हालको मापदण्डअनुसार दर्ता हुन सरकारले छुट दिएको हो। तर, कतै पनि दर्ता नै नभएका र आयोजनाको प्रयोजनका लागि सञ्चालन अनुमति पाए पनि आयोजना सकिएपछि समेत चलिरहेका क्रसर भने



बन्द नै गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले क्रसर उद्योगहरूलाई मापदण्डअनुसार नियमन गर्ने गरी सञ्चालन हुन दिने निर्णय भएको बताए। क्रसरसम्बन्धी कानुनी व्यवस्थामा पुनरावलोकन गर्ने निर्णय पनि बैठकले गरेको जानकारी दिए। ‘क्रसरका सम्बन्धमा कानुनी जटिलता रहेको भन्दै त्यसलाई सहजीकरण र व्यवसायलाई वैध बनाउने हिसाबले कानुनी व्यवस्थाको पुनरावलोकन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको हो,’ मन्त्री किराँतीले भने।

मन्त्रिपरिषद् र प्रशासनिक पटके निर्णय, परिपत्र र निर्देशनमा टेकेर क्रसर नियमन हुँदै आएकामा ०७३ मा सरकारले यससम्बन्धी कार्यविधि जारी गरेको थियो। ०७६ मा औद्योगिक व्यवसाय ऐन जारी भएपछि क्रसर सञ्चालनका लागि अनुमति लिनुपर्ने व्यवस्था गरियो। ढुंगा, गिटी, बालुवा उत्खनन, प्रशोधन गर्ने उद्योगसमेतलाई समेटेर क्रसरलाई पनि अनुमति लिनुपर्ने उद्योगअन्तर्गत ऐनले सूचीकृत गरेको छ।

उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारी ऐन र मापदण्डको व्यवस्थाअनुसार दर्ता भएका क्रसर तीन-चारवटा मात्रै छन्। करिब २० वटाजति अनुमति पाएर प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) को प्रक्रियामा छन्। अधिकांश क्रसरहरू साबिकका कानुनअनुसार उद्योग विभाग, उद्योग कार्यालय, घरेलु विभागलगायतमा दर्ता भएर चलेका छन्। त्यस्ता क्रसर साबिकमा विभिन्न समय र निकायमा दर्ता भए पनि विद्यमान कानुन र मापदण्डअनुसार छैनन्। बाँकी ८ पेजमा

## सुर्तीजन्य पदार्थको विज्ञापनमा कडाइ

काठमाडौं। सरकारले सुर्तीजन्य कम्पनीलाई बिक्री स्थलमा सुर्तीजन्य पदार्थको विज्ञापन बन्द गर्न निर्देशन दिएको छ। राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनीलराज शर्माले सुर्तीजन्य कम्पनीले आफ्नो कम्पनीको चुरोट, सुर्तीको दररेटसहित विज्ञापन गरेको पाइएकाले बन्द गर्न निर्देशन दिएको जानकारी दिए। उनले कम्पनीले खुद्रा किराना पसल, होलसेल बाँकी ८ पेजमा

## देशैभर सरस्वती पूजा

काठमाडौं। प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीकै दिन मनाइने ‘श्रीपञ्चमी’ पर्व आज विद्याकी अधिष्ठात्री देवी सरस्वतीको देशभर निष्ठापूर्वक पूजा-आराधना गरी मनाइँदैछ।

चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई बाँकी ८ पेजमा

## नेपाली सेनाले विदेशी सेनालाई हराएको दिन

■ रिपेश दाहाल

आजभन्दा दुईसय ६० वर्षअघि बङ्गाली नवाव मीर कासिमको फौजलाई पराजित गर्दै नेपालमा एउटा ठूलो उत्सव मनाइएको थियो। त्यसदिनको सम्झनामा केही वर्षदेखि हरेक माघ १० लाई विजयोत्सव मनाउँदै आइएको छ।

गोर्खाका तत्कालीन राजा पृथ्वीनारायण शाहले नुवाकोट कब्जा गरेपछि एउटा स्वतन्त्र राज्यको रुपमा मकवानपुर कब्जा गरेका थिए। इतिहासकारका अनुसार नेपाल एकीकरणको सुरुआतको रुपमा मानिने मकवानपुर कब्जाको घटना १८१९ भदौ ९ गतेको हो। बहिनीज्वाइँ पृथ्वीनारायणले आफ्नो राज्य खोसेपछि मकवानपुरका अन्तिम राजा दिग्वन्धन सेनले बङ्गालसँग सैन्य सहयोग मागेका थिए।

मकवानपुरबाट भागेका राजा दिग्वन्धन सेनले वाग्मती नदीको किनारी भागमा पर्ने खुँडाघाट पुगेर मकवानपुरबाट गोरखाली सैनिकलाई लखेट्ने योजना बनाए। उनले मीर कासिमसँग सहयोग मागी देवान कनकसिंह बानियाँलाई पत्र पठाए।



मकवानपुरलाई सहयोग गर्दा आफूलाई प्रसस्त फाइदा हुने देखेका नवावले सहयोग गर्ने बताए।

मकवानपुरलाई सहयोग गर्दा मकवानपुरमा राजनीतिक प्रभाव पर्ने मात्रै नभई उपत्यका र भोटसम्मै व्यापार बढाउन सकिने र राज्य विस्तार गरी पहाडतिरबाट अङ्ग्रेजसँग धावाबेल्न सहज हुने ठानेका उनलाई लडाइँमा लाग्नेको सम्पूर्ण खर्चसमेत मकवानपुरले ब्यहोर्ने कुराले थप उत्साहित बनाएको इतिहासकार बाबुराम आचार्यले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।

त्यसपछि १८१९ पुसमा गुरगिन खाँको नेतृत्वमा करिब तीन हजार सैनिक र भरिया मकवानपुर गढीमा गोरखालीसँग लडाइँ गर्नका लागि आएका थिए। इतिहासविद् प्रा दिनेशराज पन्तका अनुसार गुरगिन खाँ बङ्गाली मुस्लिम नभई युरोपेली मुलुक अर्मेनियाँका ग्रे गुरी थिए।

इतिहासकारका अनुसार अङ्ग्रेजकै बलमा ससुराको राज्य पाएका मीर कासिमलाई अङ्ग्रेजले नै राज्यच्यूत गराउने प्रयास गरेपछि कासिमले युरोपबाटै आधुनिक हतियार र तालिम प्राप्त सैनिक ल्याएर आफ्ना सेनालाई तालिम दिई सशक्त पारिरहेका थिए। खाँ अङ्ग्रेजविरुद्ध तयार पारिएका ती सेनाको परीक्षण गर्न पनि चाहन्थे। त्यसैले खाँले आफ्ना सेना पठाएका थिए भनेर कतिपय इतिहासकारले उल्लेख गरेका छन्। तिनीहरूका बीचमा डढुवागढी भन्ने स्थानमा घमासान लडाइँ भयो।

बङ्गाली सेनालाई पराजित गर्दै गोर्खालीले सयौं हातहतियार र तोप कब्जा गरेको दिन हो माघ १०। त्यस उत्सवमा पृथ्वीनारायण शाह स्वयं उपस्थित भएको इतिहासकारको भनाइ छ। इतिहासकारका अनुसार विदेशी सेनासँग नेपाली सेनाले लडाइँ लडेर सबैभन्दा ठूलो जीत हासिल गरेको पहिलो युद्ध भएको दिन बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक


**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# स्थानीय सरकारमा बढ्दो विकृति

गाउँका सिहरदबारको उपाधि पाउँदै आएका स्थानीय सरकारमा भ्रष्टाचार र विकृति बढ्दा नागरिकले सास्ती भोग्नुपरेको छ । विभिन्न विकास कार्यक्रम प्राप्त गर्दा वा सेवा लिनेक्रममा समेत नागरिकहरू घुस खुवाउन बाध्य हुनेक्रम बढेपछि स्थानीय सरकार माथि अविश्वास पैदा हुन थालेको सरोकारवालाले बताएका छन् । स्थानीय तहमा नक्कली योजना बनाउने, फर्जी बिल बनाएर भुक्तानी दिने र नियमविपरीत राजस्व मिनाहा गरी आफ्नै स्थानीय तहलाई घाटा पार्नेजस्ता भ्रष्टचारजन्य गतिविधि बढिरहेका पाइएको हो ।

अख्तियारले पछिल्ला दिनमा विभिन्न पालिकाका मेयर तथा अध्यक्ष र कार्यकारी अधिकृतलगायत दर्जनौं व्यक्तिविरूद्ध भ्रष्टाचार मुद्दासमेत दायर गरेको छ । केही वर्षयता यो संख्या बढेर सयौं पुगेको अख्तियारले जनाएको छ । अख्तियारले सोमबार मात्रै स्याङ्जाको गल्याङ नगरपालिकाका तत्कालीन मेयर भूपराज अधिकारी, प्रमुख प्रशासकीय अधिकृत ईश्वरीप्रसाद पाण्डेलगायतका कर्मचारीविरूद्ध भ्रष्टाचारमा मुद्दा दायर गरेको थियो । अख्तियारका अनुसार हाल अख्तियारमा स्थानीय तहविरूद्ध ठूलो संख्यामा उजुरी रहेकाले जनप्रतिनिधिहरू भ्रष्टाचारी ठहर हुनेक्रम बढ्नसक्ने बताइएको छ ।

अख्तियारमा गत वर्षमात्रै स्थानीय तहविरूद्ध १० हजारबढी उजुरी परेका छन् । यो उजुरीको क्रमले पनि स्थानीय तहमा भ्रष्टाचार र विकृति बढी देखिएको अख्तियारले जनाएको छ । अख्तियारले स्थानीय तहमा हुने भ्रष्टाचारका प्रकृति र अवस्थाका 'दयगतमा विश्लेषण गर्दै त्यस्तो प्रवृत्ति रोक्न स्थानीय तहहरूलाई निर्देशन पनि दिएको छ । अख्तियारका अनुसार स्थानीय तहको स्वीकृत पुँजीगत खर्चबाट गरिने विकास निर्माणअन्तर्गत खरिद योजनादेखि निर्माण सम्पन्न प्रतिवेदन तयारी र भुक्तानी प्रक्रियासम्म स्वार्थको द्वन्द्व देखिने, राजनीतिक तथा प्रशासनिक पहुँच भएकाहरूले आआफ्नो स्वार्थनुसार योजना छनोट गर्ने, उपभोक्ता समितिमा समेत तिनै व्यक्तिहरू रहने र अनियमित कार्य गर्ने प्रवृत्ति देखिएको अख्तियारले जनाएको छ । अख्तियारका अनुसार कतिपय स्थानीय तहमा तोकिएका कामै नगरी नक्कली भरपाइ र किर्ते कागज बनाई सरकारी रकम भुक्तानी दिने र लिने कार्यसमेत व्यापक रहेको देखिएको छ ।

यस्तै, प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिकाविपरीत रकम विनियोजन गरी हिनामिना गर्ने प्रवृत्तिसमेत रहेको पाइएको छ । उपभोक्ता समितिले सेटिङ मिलाएर व्यापक भ्रष्टाचार गर्ने गरेको, सम्झौतानुसार नभएका काममा पनि मिलेमतोमा भकाभक रकम निकासा गरिदिने, योजना अनुगमन गर्दा फर्जी प्रतिवेदन बनाउने र त्यसलाई नै स्वीकृत गराउने प्रवृत्ति पनि स्थानीय तहमा देखिएको अख्तियारले जनाएको छ । अख्तियारका अनुसार स्थानीय तहमा सामाजिक सुरक्षाभत्ता वितरणमा समेत व्यापक अनियमितता हुने गरेको पाइएको छ भने ढुंगा गिटी बालुवा ठेक्कामा समेत व्यापक बदमासी हुने गरेको देखिएको छ । यस्तै, उपलब्ध जनशक्तिबाट हुने सामान्य काममा समेत परामर्श सेवाबाट काम गराई आर्थिक व्ययभार बढाउने गरेको, सवारीसाधनको व्यापक दुरूपयोग गर्ने गरेको, कानुनी व्यवस्था, प्रक्रिया र मापदण्डविपरीत स्थानीय तहमा कर्मचारी बढुवा एवं करार नियुक्ति गरी स्थानीय तहले थप विकृति बढाइरहेको अख्तियारको निष्कर्ष छ ।

# कहाँको COI को कुरा उठाको भन्या ?



**सुरेन्द्र ढकाल**

COI (Conflict of Interest) अर्थात् स्वार्थको द्वन्द्व नेपालीहरूको लागि कुनै नौलो शब्दावली होइन । चोरलाई साँचो सुम्पन्न हुन्न अनि बिरालोलाई दूध हेर्ने जिम्मा दिन हुँदैन भन्थे हाम्रा पुर्खाहरूले । त्यस्तो भयो भने मालसमानको सुरक्षा हुँदैन भन्थे उनीहरू । दूधको साक्षी बिरालो र जो चोर उसैको ठूलो स्वर भनाइ पनि प्रचलित छ नेपाली भाषामा । भ्रष्टाचार गर्नु आमाको रगत खानु बराबर हो भन्ने राप्रपाले सार्वजनिक निर्माण कार्य बेलैमा सम्पन्न गर्न नसक्ने, सम्पन्न भएको कामको पनि गुणस्तर नभएको भन्ने आरोप लागेको ठेकेदारलाई त्यसैसँग सम्बन्धित मन्त्रालयको जिम्मा दिएपछि उनीहरू आमाकै रगत खानको लागि भनेर सत्तामा पुग्न मरिहत्ते गरेको पुष्टि भएको छ ।

त्यस्तै नागरिकताको विवादमा परेका नव युवा रवीलाई उपप्रधानमन्त्रीको दर्जासहित गृह मन्त्रालय अनि उनैको दलका अर्का विवादित म्यानपावर र रेमिटेन्स व्यवसायीलाई श्रम मन्त्रालय सुम्पन्नुले जनताको अगाडि सुशासनको नारा दिएर चुनाव जित्नेहरूको निर्लज्ज पारा सुरुमै देखिएको छ । यसले गर्दा यिनीहरूको पहिलो गाँसमै झिँगा पर्न पुगेको छ ।

यिनीहरू चोर र बिरालो सावित हुन अब धेरै कुर्नु पर्दैन होला । सुशासनको पहिलो शर्त (Sine qua non for good governance) को ठाडो उल्लंघन प्रचण्डले जानी जानी गरेका हुन् किनकी उनी यिनीहरूलाई सकेसम्म चाँडो चोर र बिरालो सावित गर्न सके आफ्नो दलको राजनीतिक भविष्य सुनिश्चित हुने देख्छन् र यसैले उनले उनीहरूलाई ती मन्त्रालय सुम्पेका हुन् भन्दा फरक नपर्ला । यसो गर्दा तथाकथित परिवर्तनकामी मतदाताहरूले पनि लोप्पा भेट्ने अनुमान प्रचण्डले गरेका होलान् जुन स्वभाविक पनि हो । अनि त पाइहाल्यो नि भन्न जुन जोगी आए पनि कानै चिरेको ।

संयुक्त राष्ट्रसंघले सुशासनको पहिलो शर्त भनेको COI लाई त्यसैको सदस्य राष्ट्र नेपालले खिल्ली उडाउनुले नेपालको अन्तर्राष्ट्रिय छवी पनि नराम्ररी धमिलिएको छ अहिले । तर प्रचण्डलाई त्यसको के परवाह ? उनको लागि त जसरी भए पनि यी ठेट्नाहरूलाई सकेसम्म चाँडै नांगेझार बनाउनु न हो । यहाँनिर मूर्ख बन्ने त परिवर्तन चाहने अनि हो न हो लिंगदेन र रवीले के के न गर्छ भनेर मत दिई उनीहरूको दललाई राष्ट्रिय दलको दर्जामा पुऱ्याउने मतदाताहरू पो भए त । सरकार बनेको एक महिना भएको छैन अहिले नै यिनीहरूको जसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा बदनाम हुन सुरु भएको छ त्यसले नेपालको प्रजातन्त्रमाथि नै प्रश्न नउठ्ला भन्न सकिन्न ।

हुन त विषयको ज्ञाता भनेर त्यस्ता







व्यक्तिहरूलाई मन्त्री बनाइएको ठोकुवा गरिएको छ । सर्पको खुट्टा सर्पले मात्रै देख्छ भन्छन् । त्यसो हो भने यिनीहरूको खुट्टा मतदाताहरूले सजिलै देख्ने कुरा पनि त भएन नि । पुराना सर्पहरूले देशलाई बारम्बार डसेकै थिए अब नयाँहरूले पनि त्यतिकै डस्ने भए । फरक त्यति हो, चुनावले ल्याएको परिवर्तन यस्तै रहयो । के गर्ने त अब ? बिग्रेको देशको भत्केको चाला जजसले पाउला उसैले खाला, कसो ? कहाँको COI को कुरा उठाको भन्या ?

# अवरोधमुखी राजनीतिलाई चुनौति दिँदै उदाएका रविहरू



**गोविन्द विक**




२०७९ मा सम्पन्न भएको संघको चुनावले छोटो समयमा नै पाटी दर्ता गरी चुनावमा हेमिएका रवि लामिछाने चितवनबाट भारी मतान्तरले जनमत आफ्नो पक्षमा पार्दै उपप्रधानसहित देशको गृह मन्त्री भएका छन ।

अवरोधमुखी राजनैतिक भिडभित्रको संघर्षबाट पूराना दलीय वेथितीहरूलाई चुनौति दिदै जनताको मन जित्नु चानचुने विषय थिएन र छैन पनि । हुन त स्थानीय तहको चुनावमा पनि दलीय संयन्त्रलाई चुनौति दिदै स्वतन्त्र रुपमा चुनाव लडेकाहरू चुनाव जितेर स्थानीय तह हाकिरहेका छन ।

राजनीतिक दलहरूले गरेका वेथितीप्रति आम रुपमा बढदै गएको असन्तुष्टिका कारण जनताले रवि लामिछानेहरूको पाटीलाई भोट दिएर देशमा विकास र समृद्धिलाई हाक्ने जिम्मेवारी सुम्पीएका छन । जनमुखी विकासमा आखा चिम्लीएर एकअर्कालाई निषेध गर्ने मानसिकताबाट अभिप्रेरित भएर जनजिविकाको मुद्दामा बेखबर बनिरहेको पुरानो राजनीतिलाई पन्छाउँदै काम गर्ने जोस र आँट लिएर आएका रविहरूको आगामी यात्रा सजिलो नभए पनि विकास र समृद्धिका लागि काम गर्न भने सम्भव पक्कै छ ।

दलभित्र मौलाइरहेको बेथितीको महासागरमा न कार्यकर्ता न भोजभतेर न तटडकभडक सामान्य तरिकाले जनजीविकाका मुद्धा जनतालाई सुनाउदै हिडेका रविहरूले यसरी भारी मतान्तरका साथ पूराना दलका प्रतिस्प्रधीलाई पाखा लगाउछन भन्ने जमात चुनाव अघि निकै कम थियो । जनताको मन जित्नका लागि ठूलाठूला योजनाका सपनाहरू देखाउनै नपर्ने उदाहरण रविहरूले दिएका छन ।

नयाँ राजनैतिक दलका उम्मेदवारहरूले जनताका सामान्य भन्दा सामान्य विषयहरूलाई चुनावी मुद्धा बनाए जुन मुद्धालाई जनताले सहज रुपमा लिए र मत दिएर जिताए । रविहरूको आगमनलाई हेर्दा यो मुलुकमा विकास र समृद्धिका लागि युवा वर्गको अतुलनीय खाचो रहेको प्रष्ट भएको छ। उमेरले डाडो काटेका व्यक्तीले मुलुक र जनजिविकाको मुद्धालाई लिएर अगाडी बढन नसक्ने गतिलो सन्देश रविहरूको उदयले दिएको छ ।

नयाँ राजनैतिक दल दर्ता गरेर चुनाव जितेका रविहरू कुनै राजनीतिमा खारिएर आएका पात्र हैनन । संचारकर्मबाट जनताको आसु पुछ्न सफल भएका रवि आफै पनि विश्वस्त थिएनन होला यति छिटै जनताको गुनासो सम्बोधन हुने निकायमा पुगिन्छ भनेर ।

चुनौतिपूर्ण र कठिन यात्रामा रविहरूले आफ्नो विकासको यात्रालाई जनताबाट अनुमोदित गराएका छन । यसलाई पुराना दलबाट आएका सारथीहरूले साथ दिएर समृद्धिको यात्रामा देशलाई डोहोर्याउन सकिने कुरामा कठिन भएपनि सम्भव अवश्य छ ।

जनताले रविका हरेक कार्यलाई नजिकबाट नियालिरहेका छन । यो सरकारभन्दा अघिका गृहमन्त्रीले के गरे ? कसरी काम गरे ? यस गृहमन्त्रीको पालामा कतिको सुशासन कायम भयो ? निमुखाहरूको ज्यान कति सुरक्षित भयो ? लगायतका विषयमा कसैलाई चासो थिएन र छैन पनि । तर रवि गृह मन्त्रीको पदवाहाली गरेको दिनदेखि उनका हरेक निर्णय र कार्यमा जनताको औधी चासो कायमै छ ।

रवि लामिछाने उनकै वारेमा नागारिकता विवादका सम्बन्धमा सर्वौच्च अदालतमा मुद्धा चलिरहेको प्रहरीले उनको नागारिकताको सम्बन्धमा अनुसन्धान गरिररहेको सन्दर्भमा नैतिक रुपले पनि रविले गृह मन्त्रालयको जिम्मेवारी स्वीकार नगर्नु पर्ने आवाज उठाउनेहरूको भिड पनि बढीनै रहेको छ ।

पछिल्लो समय रविकै पाटीका सासंद श्रम मन्त्री भएका व्यक्तीको बारेमा व्यापक प्रश्नहरू उठिरहेका छन । मेनपाउवरको एजेन्टलाई नै श्रम मन्त्रीमा रविको छनौटमा परे भन्ने कुराको आलोचना चौतर्फी छ । रविले मन्त्रीमा छनोट गरेका व्यक्तीले श्रमिकहरूको पक्षमा काम गर्छन की गर्दैनन, निमुखाहरूलाई विदेश पठाउने नाउमा लाखौ रुपैया ठगी गरिरहेका मेनपावरहरूलाई श्रम मन्त्रीको व्यवहार कस्तो हुन्छ ? त्यो त समयले बताउला नै तर अहिले श्रममन्त्रीको बारेमा उठेका प्रश्नहरू भने निकै पेचिला बन्दै गइरहेका छन । रविप्रति आम नागारिकले भरोसा र आसा उत्तिकै गरेको सन्दर्भमा ।

रविले सोचेजति काम गर्न नसकेपनि गल्ती भने अवश्य गर्दैनन भन्ने विश्वासलाई कायम राख्नु अहिलेकै अवस्थामा निकै कठिन विषय हो । जे भए तापनि रवि र रविका सारथीहरूले जनताको मन जित्नेगरी सरकार र संसद दुवैमा भूमिका खेलुन भन्ने अपेक्षालाई निरासामा नबदलियोस । चौतर्फी रुपमा भएको आसा र भरोसा कायम होस भन्ने सुभेच्छा रविप्रति रहेको छ ।

# हाम्रो सामाजिक सक्रियता

## सुरेन्द्र ढकाल प्रतिष्ठान तथा थापा गाउँ टोल सुधार समितिबीचको सहकार्य

सुरेन्द्र ढकाल

थापा गाउँ टोल सुधार समितिको स्थापना गर्ने उद्देश्यबमोजिम २०६२ सालमा श्याम थापाको अवधारणाबाट टोल सुधार समिति गठन भयो। समितिको प्रथम अध्यक्षको रुपमा श्याम थापा नै चुनिनुभयो। उहाँको अथक प्रयत्न र प्रयासको परिणामस्वरुप थापा गाउँ टोल सुधार समितिको दुईतले भवन निर्माण कार्य सम्पन्न भयो।

श्याम थापापश्चात तारा लुइँटेल र दीपक थापा (ठूलो) क्रमशः अध्यक्ष बन्नुभयो। बाटो विस्तारका क्रममा समितिको भवन आधाभन्दा बढी सडकमा पर्न गएर आंशिक रुपमा भत्कन पुग्यो। समिति विनाभवन आफ्नो कार्य संचालन गर्नुपर्ने अवस्थामा पुग्यो। पछि दिपक थापा (सानो) अध्यक्ष भएर आएपश्चात आधा भत्किएको सो समिति भवनलाई टोलवासी तथा वडाको सहयोगबाट पुनः निर्माण कार्य सम्पन्न गरी समितिले आफ्नो नियमित कार्य संचालन गर्दै आइरहेको छ।

टोल समितिबाट धेरै सार्वजनिक महत्वका कार्यहरू सम्पन्न हुँदै आएका छन्। टोलवासीहरूमा आपसी सदभाव कायम गर्न निरन्तर आवश्यक पहल भइरहेको छ। टोल विकासमा टोलवासीहरूलाई प्रत्यक्ष रुपमा संलग्न गराइएको छ। आफ्नो परम्परागत संस्कृति जोगाउन आवश्यक सबै कार्यहरू संचालन हुने गरेको छ। टोलभित्रका प्राकृतिक प्रकोपमा परेका तथा असहाय गरिब परिवारहरू पहिचान गरी सहयोग गर्ने वातावरण सिर्जना भएको छ। राम्रो रचनात्मक कार्य गर्ने सामाजिक संघसस्थाहरूसँग ऐक्यबद्धता कायम गरिएको छ। टोलभित्र खेलकुद विकासतर्फ आवश्यक कार्य भएको कारण समितिमा युवाहरूको सक्रिय सहभागिता बढेको छ। टोलभित्रका ज्येष्ठ नागरिक र टोल विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने संघसंस्था तथा व्यक्तिहरूलाई औपचारिक रुपमा सम्मान गर्ने गरिएको छ। समय समयमा टोल समाजका विशिष्ट व्यक्तित्व तथा बुद्धिजीविहरूसँग परामर्श गरी टोल विकासका लागि आवश्यक सल्लाह र सुझाव लिने गरिएको छ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँग आबद्धता र सहकार्य**

माथि उल्लेखित समितिको उद्देश्यबमोजिम समितिले २०७९ सालदेखि समाजसेवामा कार्यरत संस्था सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य सुरु गरी त्यसलाई निरन्तरता दिन प्रतिष्ठानसँग आवद्ध भएको छ। जसअनुरुप समितिले प्रतिष्ठानबाट समितिको कार्यालयका लागि रु ९९३००।– को फर्निचर, दराज तथा पंखा प्राप्त गरेको छ भने खेलकुदका लागि रु ५०००।– को सानो सहयोग पनि प्राप्त गरेको छ। समिति प्रतिष्ठानसँग आवद्ध भएको कारण प्रतिष्ठानले समितिलाई वार्षिक रुपमा सानो ठूलो सहयोग गर्ने भएबमोजिम समितिको सामाजिक कार्यले स्थायित्व पाउने अपेक्षा गरिएको छ।









## "केएलफ" बुक अवार्डमा रञ्जना र सुमितको कृति चयन

काठमाडौं। हालै नेपालमा आयोजना भएको कलिंगा लिटररी फेस्टिभल भारतले 'केएलफ बुक अवार्ड २०२२' का लागि विभिन्न श्रेणीमा अवार्डहरू घोषणा गरेको छ। विजेतालाई फेब्रुअरीमा स्वस्ती प्रिमियम होटल, भुवनेश्वर, ओडिसा, भारतमा आयोजना हुने वार्षिक कलिंगा लिटररी फेस्टिभलमा सम्मानित र पुरस्कृत गरिनेछ।

पुरस्कृत पुस्तकहरू साहित्यिक पुस्तक, अनुवाद पुस्तक, व्यापार पुस्तक, पर्यावरण पुस्तक, जीवनी र आत्मकथा, बाल पुस्तक, खेलकुद पुस्तक, लाइफस्टाइल र इमर्जिङ ट्रेन्ड यी सबै वर्गमा प्रकाशित प्रकाशकद्वारा पेस गरिएका पुस्तकबाट चयन गरिएको हो।

प्रतिष्ठित 'केएलफ बुक अवार्ड २०२२' का लागि निर्णायक मण्डलबाट दुई नेपाली लेखकहरू चुनिएका छन्। साहित्यकार रञ्जना निरौलाको निबन्धसंग्रह 'अनुभूतिको अवतरण' का लागि र लेखक सुमित शर्मा 'समीर'को पुस्तक 'वेक अप अर्ली वेक अप




नाउ' 'केएलफ बुक अवार्ड २०२२' का लागि छनोट भएका हुन्।

पुरस्कृत नेपाली साहित्यकार रञ्जना निरौला सम्पादक, समालोचक, नेपाली र अंग्रेजी साहित्यमा कलम चलाउने कवि, प्यानलिस्ट, अनुसन्धानकर्ता, क्युरेटर तथा वक्तासमेत रहेकी छन्। सुमित शर्मा 'समीर' लन्डन स्कूल अफ इकोनोमिक एन्ड पोलिटिकल साइन्स, बेलायत र क्वीन्स युनिभर्सिटी, क्यानडाका स्नातक हुन्।

भुवनेश्वरमा केएलफको वार्षिक कार्यक्रम २४, २५ र २६ फेब्रुअरी २०२३ मा हुने केएलफ पुस्तक पुरस्कारहरू निर्णायकको सिफारिसका आधारमा चयन गरिएको हो।

लघुकथा

# कर्मको खेल

गोमा सिटौला

उकाली-ओरालि र मेलापातमा भ्याइनभ्याई पसिना चुहाउन विवश गाउँलेहरूलाई, यसपालि चुनावको माहोलले गर्दा, बाटोघाटो, चौतारा र कान्छीको चिया पसलमा निकै फुर्सदिलो र प्रसन्नताका साथ, झुन्ड-झुन्ड बसेर, ठूल्ठूला राजनीति गफ हाँकेको देख्दा, नेताहरूले 'हाम्रो उद्देश्य नै तपाईंहरूको मुहारमा खुसी झल्काउनु हो भन्थे' सायद 'खुसी' भनेको यही होला, मेरो सुस्त मनस्थितिले बुझ्थ्यो ।

म दुई महिनाको छोरोलाई घाममा सुताउँदै थिएँ । त्यतिखेर साइरन बजाउँदै हुँइकिएको गाडीको आवाजले छोराको निन्द्रा बिथोलिएर रुन थाल्यो ।

भित्रबाट आमाले रिसाउँदै भनिन्- 'यिनीहरूलाई चुनाव हारिएला भन्ने पीर छ । आफूलाई नाति दुब्लाउला भन्ने पीर छ ।' सुत्नै दिएनन्, बज्याहरूले । नानी, बाबूलाई भित्र लगेर सुता । पल्लो गाउँको निधिरामको छोरा 'रिवाज' चुनावमा उठेको छ । आज स्कुल नजिकैको चौतारीमा भाषण छ ।

'आमा- रिवाज दाइको दुई वटा श्रीमती हैन ? -मैले सोधें ।

'हो नि ! मोराले जेठी हुँदाहुँदै कान्छीलाई पनि, म कुमार केटा हो भनेर भगाएर लेराएछ । पढेको, हुने खाने श्रीमान् भएर पनि निरीह, एक्लो गाउँले जीवन बिताउन बाध्य छ जेठी । उता कान्छीलाई भने शहरमा महल बनाएर, 'रानी' जस्तो गरी पालेको छ ।

नानी, आ-आफ्नो कर्मको खेल 'हिँड जाउँ, रिवाजको भाषण सुन्न । आमाले भनिन् ।

बाटोभरी आमाले भनेको, कर्मको खेल शब्दले पोल्छ मलाई । हराउँछु, आफैं भित्र, के विवाहित पुरुष, सुरा-सुन्दरीको इसारामा निरीह भएर स्त्रीगमनमा रमाउँछ भने एउटा विवाहित नारीको कर्मको दोष हुन्छ ? पुरुषको हरेक गल्ती र कमजोरीलाई नारीको भाग्यसँग तुलना गर्न मिल्छ ? उत्तर पूरा नहुँदै निरन्तर प्रतिउत्तरले फेरि प्रश्नवाचक चिन्ह खडा गराइरहँदा, नेताको भाषणले झसङ्ग भए । त्यतिखेर नेता भन्दै थिए -'गाउँघरको विकास, बाटोघाटो, बेरोजगार युवाहरू, पिछडिएका जनजाति, वृद्ध भत्ता, पुरुष पीडित नारीको हकहित, बहुविवाह, बालविवाह र छोरी भ्रूण हत्याको वहसमा बलियो आवाज उठाउनलाई नै मैले चुनावमा उम्मेदवारी दिएको हो । यदि चुनावमा जितेँ भने 'वीरहरूको रगतको र देशको माटोको कसम खाँदै भन्दैछु । यी सबै कुराको विकास र उद्धार गरेरै छाड्नेछु ।



ताली तररर बज्छ' तर हुलको बिचबाट कसै कसैले भनेको सुने ।

नेता ज्यू ! 'तपाईंबाट पीडित जेठी श्रीमतीको पहिला उद्धार गर्नुहोस् । त्यसपछि हामी गाउँलेको र देशको बारेमा सोच्नुहोस् ।

# ग्लोबल नेपाली फिल्म अवार्ड वितरण







काठमाडौं । आफ्नै नाम, शान र पहिचान सहित सम्पन्न भएको 'पाँचौ एटिए एभरेष्ट ग्लोबल नेपाली फिल्म अवार्ड' को पाँचौ संस्करण २०२२ को समापन तथा विभिन्न कारणले अवार्ड कार्यक्रममा उपस्थित हुन नसकी अवार्ड लिन नसकेका चलचित्रकर्मीहरूलाई अवार्ड वितरण कार्यक्रम काठमाडौंमा भव्यताको साथ सम्पन्न भएको छ ।

संयुक्त राज्य अमेरिकाको कोलोराडो राज्यको डेनभर शहरमा आयोजना गरिएको उक्त अवार्ड सभ्य तथा भव्यताको साथ सम्पन्न भएको थियो । बिगत ५ बर्ष देखि चलचित्रकर्मीहरूलाई सम्मान पुरस्कार र प्रोत्साहन गर्ने हेतुले 'ग्लोबल नेपाली फिल्म अवार्ड'को आयोजना गरिदैं आएको उक्त अबसरमा ग्लोबल नेपाली फिल्म अवार्डका अध्यक्ष नवराज श्रेष्ठले बताएका छन् ।

'नेपाली सिनेमा भिलेज टु ग्लोब' भन्ने नारा लिएर अघि बढेको ग्लोबल नेपाली फिल्म अवार्डले प्राबिधिक कारणले अवार्ड कार्यक्रममा भाग लिन अमेरिका जान नपाएका तर अवार्ड बिजेता चलचित्रकर्मी, संचारकर्मी तथा स्पोन्सरहरूलाई अवार्ड सम्मान तथा मायाको चिनो प्रदान गरिएको नेपाल फिल्म सोसाईटीका अध्यक्ष कृष्ण मल्लले जानकारी गराएका छन् ।

अवार्ड समापन कार्यक्रममा प्रदेश सभा सदस्य माननीय मदु कुमार श्रेष्ठ, चलचित्र बिकाश बोर्डका अध्यक्ष भुवन केसी बिशिष्ठ चलचित्रकर्मी तथा कलाकारहरू निर शाह, मदनकृष्ण श्रेष्ठ, हरिबंश आचार्य, प्रेमराजा महत, रबिन्द्र खड्का, नवल खड्का, मोहन निरौला, शर्मिला मल्ल, बसुन्धरा भुसाल, चैत्य देबी, शर्मिला मल्ल, बिष्णु गोपाल श्रेष्ठ, नारायण प्रधान, अर्जुन जंग शाही, दिनेश डिसी, नारायण पुरी, यज्ञलाल श्रेष्ठ, छविराज जोशी लगायतका व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो ।

नेपाली चलचित्रकर्मीहरूलाई सम्मान, पुरस्कार र प्रोत्साहनका साथै बिशुद्द नेपाली सिनेमाको बजार प्रबर्धन, कलाकार पुनर्मिलन र चलचित्र पर्यटन अवार्डका उद्देश्य रहेको ग्लोबल नेपाली फिल्म अवार्डको आयोजना गरिदैं आएको र अब आउदो ग्लोबल नेपाली फिल्मअवार्ड-२०२३ को छैठौं संस्करण संयुक्त राज्य अमेरिकाको न्युयोर्क शहरमा आगामी २०२३ अगष्ट १२ तारिखमा हुने नेपाल फिल्म सोसाईटीका अध्यक्ष कृष्ण मल्लले घोषणा गरेका छन् ।

अवार्ड समापन कार्यक्रममा बिशिष्ठ संगीतकार संगीत रत्न शम्भुजीत बास्कोटालाइ लाईफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको थियो । त्यसैगरी हरि बहादुर थापालाइ गेहेन्द्र धिमाल स्मृति अवार्ड, बेष्ट एक्टर अफ द ईयर दिपक राज गिरीलाई प्रदान गरिएको थियो भने चलचित्रकर्मी, संचारकर्मी तथा स्पोन्सरहरूलाई समेत मायाको चिनो प्रदान गरिएको थियो ।

'पाँचौ एटिए एभरेष्ट ग्लोबल नेपाली फिल्म अवार्ड', ग्लोबल नेपाली फिल्म अवार्ड एलएलसी, नेपाल फिल्म सोसाइटी र गोल्डेन स्टेट मुभी मेकर एलएलसीको आयोजना तथा ८८४८ मिडिया हाउस एलएलसीले अवार्ड कार्यक्रम संयुक्त रुपमा आयोजना गरेको थियो ।

# दोस्रो ओटु हिमालय नेपाल ब्युटिसियन एण्ड फेसन अवार्ड





काठमाडौं । अनुराधा फिल्म्स इन्टरनेस्नल प्रालिको आयोजनामा दोस्रो ओटु हिमालय नेपाल ब्युटिसियन एण्ड फेसन अवार्ड-२०७९भब्यताको साथ सम्पन्न भएको छ ।

नेपालको पहिलो महिला पूर्व प्रदेश मुख्य मन्त्रि, पूर्व उधोग मन्त्रि, पूर्व महिला बालबालिका तथा समाज कल्याण मन्त्रि नेकपा एमालेको उपाध्यक्ष श्री अष्टलक्ष्मी शाक्यको प्रमुख अतिथ्यतामा सम्पन्न अवार्ड कार्यक्रममा प्रदेश न. १ कि प्रदेश सभा सदस्य माननीय डोल्मा तामाङ, नेपाल फिल्म सोसाईटीका अध्यक्ष कृष्ण मल्ल, परिबर्तन नेपालका अध्यक्ष तथा बरिष्ठ चलचित्रकर्मी मोहन निरौला, चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्का द्वन्द कलाकार संघका अध्यक्ष नारायण प्रधान, चलचित्र संघका उपाध्यक्ष गोपालकाजी कायस्थ, नृत्य कलाकार संघका अध्यक्ष जनक कार्की, म्युजिक भिडियो निर्देशक समाजका अध्यक्ष बिधान कार्की, बरिष्ठ कलाकार लय संग्रौला, उत्तम केसी, बरिष्ठ अभिनेत्री रेजिना उप्रेती, संचिता लुइँटेल, नायक सबिन श्रेष्ठ, पत्रकार निर्देशक माधब राज खरेल बिशेष अतिथि रहेका थिए भने कार्यक्रममा अन्य कलाकार लागायत बिशिष्ठ व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो ।

अघिल्लो बर्ष देखि हुदैं आएको नेपालमा नै पहिलो पटक सौन्दर्यकर्मीहरू, फेसन मोडल तथा फेशन डिजाईनरहरूको लागि "दोस्रो ओटु हिमालय नेपाल ब्युटिसियन एण्ड फेसन अवार्ड-२०७९" यस बर्ष पनि सुन्दरताको क्षेत्रमा योगदान पुर्याएका पार्लर, ब्युटी ट्रेनीङ सेन्टर, सौन्दर्य ब्यबसाय संग आबद्ध सम्पूर्ण विधा-मेकअप, हेयर, नेल, फेसियल लगायत अन्य विधा, कस्टमेटिक प्रोडक्ट, कस्टमेटिक कम्पनि र फेसन मोडल र फेसन बुटिकलाइ अवार्ड तथा सम्मान प्रदान गरिएको प्रोत्साहनाज ब्युटी पार्लर एण्ड ट्रेनीङ सेन्टरकि अध्यक्ष तथा आयोजक रेणु शाक्य रानाले जानकारी गराएकि छिन ।

सौन्दर्यकला क्षेत्र अहिले हरेक व्यक्तिको लागि अपरिहार्य भैसकेको हुँदा नेपाली सौन्दर्यकला ब्यबसायलाइ राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पुर्याउन तथा सौन्दर्यकर्मीहरूको पेशालाइ सम्मान गर्दै उनीहरूको काम र व्यक्तित्वलाइ निखार्दै नेपालमा बढ्दै गईरहेको सौन्दर्यकला प्रतिको लगावलाइ ब्यबस्थित गर्ने र पार्लर ब्यबसायहरूलाई छुट्टै उचाइमा पुर्याउन र ब्युटिसियन अवार्डको महत्वलाइ अझ फराकिलो बनाउदै सम्पुर्ण सौन्दर्यकर्मीहरूको मनोबललाइ उच्च बनाइ पार्लर तथा कस्टमेटिक ब्यबसायलाइ उधोगको रुपमा स्थापना गर्ने हेतुले विभिन्न ३१ विधामा अवार्ड र सौन्दर्यकला क्षेत्रमा उच्च योगदान पुर्याएका ४१ जना सौन्दर्यबिद, सौन्दर्यकर्मी, पत्रकार, समाजका विभिन्न प्रतिष्ठित व्यक्तित्वहरूलाइ सम्मान गरिएको साहरा ब्युटी होम एण्ड ट्रेनीङ सेन्टरकि अध्यक्ष तथा आयोजक रचना शाक्यले जानकारी गराएकी छिन ।

कार्यक्रमको संयोजकत्व संचारकर्मी कलाकार तथा निर्देशक सुर्य चन्दले गरेका थिए भने प्रमुख सल्लाहाकारमा गीतकार, निर्मात्री तथा साहित्यकार अनु शाह रहेकी छिन भने त्यसैगरी अवार्ड संरक्षक डा. डीबी रानापाल रहेका छन् । अवार्ड कार्यक्रमको संचालन दीपज्योति थापाले गरेकी थिइन् । अवार्ड प्राप्त गर्ने तथा सम्मानित व्यक्तित्वहरूको नामावली यस प्रकार छ ।

अवार्ड प्राप्त गर्नेहरूमा बेष्ट ब्यूटिसियन ट्रेनर : यशोदा केसी (कर्णाली प्रदेश सुर्खेत), बेष्ट मोटिभेसन ब्यूटिसियन ट्रेनर : प्रमी शाक्य (कर्णाली प्रदेश सुर्खेत), बेष्ट ब्यूटि पार्लर एण्ड ट्रेनिङ सेन्टर : गीता भण्डारी लुम्बिनी प्रदेश नेपालगन्ज), बेष्ट ब्यूटिसियन अफ दि इयरः कामिनी शाह मधेश प्रदेश, बेष्ट हेयर टेक्निसियन अफ दि इयरःशिल्पा महतो, मधेश प्रदेश, बेष्ट ब्यूटिसियन अफ दि इयर ःसन्ध्या बस्नेत, प्रदेश नं. १, झापा, बेष्ट मेक अप आर्टिष्ट : कोपिला ठकुरी, प्रदेश नं. १ इटहरि, बेष्ट ब्यूटिसियन ट्रेनर ःरेश्मा श्रेष्ठ, चितवन प्रदेश नं. ३, इन्टरनेशनल ब्यूटिसियन अफ दि इयरःअनिता गुरुङ, हङकङ, मोष्ट पपुलर पर्सानालिटीः नवराज श्रेष्ठ, बेष्ट फेसन मोडल महिलाः डा.आयुष्नोभा ढुंगाना, बेष्ट फेसन मोडल पुरुषः दिपेन्द्र सोनाम, बेष्ट ब्यूटिसियन एजुकेटर एण्ड ट्रेनरः मिनु थापा, बेष्ट सेमी पर्मानेन्ट मेकअफ ट्रेनरः लक्ष्मी थापा, बेष्ट फेसियल एण्ड स्किन केयर : ईश्वरी श्रेष्ठ, बेष्ट ब्यूटि प्रोडक्ट : एन प्लस, बेष्ट हेयर कलरिष्ट ःमीना कुमारी लामा, बेष्ट नेल आर्टिष्ट : किरण नगरकोटी राई, बेष्ट मेकअप आर्टिष्टः रञ्जना पनेरु (कुशुम), पपुलर ब्यूटिसियन अफ दि इयरः सुस्मिता दंगाल कार्की, सेलिब्रेटी ब्यूटिसियन अफ दि इयरः रश्मिला श्रेष्ठ, बेष्ट ब्यूटिसियनः देवी महर्जन, बेष्ट हेयर स्टाइलिष्टः नविना राजथला, बेष्ट ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरः मनु पुन (टेरिसा ब्यूटि पार्लर एण्ड ट्रेनिङ सेन्टर सामाखुशी), पपुलर ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरः उमा खड्का (यूसी ब्यूटी पार्लर एण्ड ट्रेनिङ सेन्टर, सामाखुशी), सेलीब्रेटी मेकअप आर्टिष्टः रिना महर्जन, पपुलर मेकअप आर्टिष्टः संगीता डंगोल, बेष्ट ब्राइडल मेक अप आर्टिष्टः पार्वती शाक्य, बेष्ट नेल आर्ट ट्रेनर अफ दि इयरः मन्जु सुवेदी, पपुलर ब्यूटिसियन ट्रेनरः स्वस्तिका गुभाजू र कुशुम खड्का केसी : बेष्ट हेयर ड्रेसर (महिला) छन् ।

# पिनासदेखि प्यारालाइसिस निको पार्ने झार



तराई-मधेसका बासिन्दाको लागी हाच्छिउँ झार नौलो वनस्पति होइन । नदी किनाराको चिसो ठाउँमा यो वर्षभरी नै फल्छ र फुल्छ । यो एउटा जमिनमा फैलिने सानो झार हो । यसको पात ०.३-०.७ इन्च लामो र हेर्दा दाँतझैं दन्तुर भइ निस्केको हुन्छ । यसको फूल छोटो प्रायः गोलाकार, ०.१-०.१२ इन्चको हुन्छ ।

हाच्छिउँ झारको नामबाट **Centipeda minima-Linn=_ A= Br= & Aschers** को ग्रहण गर्नुपर्छ । यसलाई संस्कृतमा क्षवक, छिक्किका, तीक्ष्णा, घ्राण दुःखदा भनिन्छ भने भारतमा नकछिकनी भन्ने प्रचलन छ । अंग्रेजीमा यसलाई **Sneeze-wort** भनिन्छ । यो झारको विषयमा आयुर्वेदका प्रमुख ३ ग्रन्थ चरक संहिता, सुश्रुत संहिता तथा अष्टाङ्गहृदय (जसलाई बृहतत्रयी पनि भनिन्छ) मा प्रशस्त मात्रमा उल्लेख गरिएको छ । यस बाहेक आयुर्वेदका अन्य थुप्रै ऐतिहासिक ग्रन्थ-कोशहरूमा समेत यो झारको यथेष्ट उल्लेख गरिएको छ ।

अर्का प्रकाश (ई.पू. २६००), सौश्रुतनिघण्टु (ई.सं. ५ औं शताब्दी), अष्टाङ्गनिघण्टु (ई.सं. ८ औं शताब्दी), सिद्धसार निघण्टु (ई.सं. ९ औं शताब्दी), ई.सं. १० औं शताब्दीमा रचित मदना दिनिघण्टु र धन्वन्तरिनिघण्टु, ई.सं. ११ औं शताब्दीमा रचित चन्द्रनिघण्टु र चक्रदत्त, सोढलनिघण्टु (ई.सं. १२ औं शताब्दी), ई.सं. १३ औं शताब्दीमा रचित अभिधान रत्नमाला, हृदय दीपकनिघण्टु, मदनपालनिघण्टु, ई.सं. १५ औं शताब्दीमा रचित कैयादेव निघण्टु, राज-निघण्टु, ई.सं. १६ औं शताब्दीमा रचित भावप्रकाश निघण्टु, शिवकोष तथा ई.सं. १९ औं शताब्दीमा रचित अभिनवनिघण्टु, शङ्करनिघण्टु, अभिधानमञ्जरी, शालिग्रामनिघण्टु र नेपालीनिघण्टुमा समेत हाच्छिउँझारको बारेमा व्याख्या गरिएको पाईन्छ ।

मुख्यतः यसलाई सुँघ्दा हाच्छिउँको उत्पत्ति हुन्छ । आयुर्वेदका विभिन्न संहिताहरूको अध्ययन पश्चात् यो झारलाई प्रमुखतः निम्न रोगहरूमा प्रयोग गर्न सकिने बताइएको पाइन्छ ।

पिनास, शिरःशूल (टाउको दुखाई), दन्तशूल (दाँतको दुखाई), दाद लगायत छालाको रोग, वाथरक्त (गठियावाथ), पक्षाघात (प्यारालाइसिस), अरुचि, प्लिहावृद्धि (स्पलीनोमेगाली), कुष्ठरोग, कृमी रोग (जीवाणुजन्य रोगहरू) । यसको प्रयोज्य अंग बिउ हो र यसलाई रोग हेरेर लेप, काढा वा धुलो बनाई १-३ ग्रामसम्म प्रयोग गर्न सकिन्छ । यसलाई धेरै समयसम्म सुँघ्यो भने नाक भित्रशोथ उत्पन्न गराउन सक्छ । आयुर्वेद चिकित्सकको सल्लाह बिनाप्रयोग गर्नु हुँदैन ।

झन्डै ३ हजार पुरानो आयुर्वेदका ग्रन्थहरूमा बताईएको हाच्छिउँझारको वैज्ञानिक अध्ययन भने सन् १९९० को दशकदेखि मात्र हुन थालिएको देखिन्छ । विभिन्न अध्ययनहरूले आयुर्वेदमा पुर्वोक्त बताईएका फाईदाहरू माथि थप वैज्ञानिक आधारको निर्धारण गरीदिएका छन् ।

विशेषतः विभिन्न ग्रन्थहरूमा यो झारको कर्म कृमीघ्न बताईएको छ, अर्थात् यसले जीवाणुहरूलाई मार्छ । अनुसन्धानहरूले पनि यो झारले विभिन्न १० परिवारका ब्याक्टेरियाहरू, पेटमाहुने जुकाहरूलाई मार्न सक्ने क्षमताभएको पुष्टि गरेका छन् । पछिल्लो ५ वर्षमा यो जडिबुटीमाथि भएका अनुसन्धानहरूले यो झारबाट निकालिएको रासायनिक पदार्थबाट प्रोस्टेट तथा नाकका कोषहरूमा हुने कार्सीनोमा (अबचअप्लफब) समेत नष्ट गरेको दावी गरेका छन् । यद्यपि मानिस माथि यसको परिक्षण हुन बाँकी नै छ ।

हाच्छिउँ झार सजिलै प्राप्त गर्न सकिने तथा विभिन्न गुणयुक्त जडिबुटी हो । यसको क्षमता तथा फाईदाहरू बारे आयुर्वेदका ग्रन्थ मात्र नभई पश्चिमी अनुसन्धानहरूले पनि पुष्टि गर्दै आएको पाईन्छ । नेपालमा यसको प्रयोग गाउँघरमा परम्परागत किसिमले हुँदै आएता पनि आयुर्वेद चिकित्सकहरूले यसलाई कमै सिफारिस गरेको देखिन्छ । यसबाट औषधिको निर्माण तथा उत्पादन नभएको देखिन्छ, त्यसैले यो एउटा सम्भावना युक्त जडिबुटी हुन सक्छ ।

# सुस्ता बचाऊ अभियन्ता गुरुङको निधन



काठमाडौं । 'सुस्ता बचाऊ' आन्दोलनका मुख्य अभियन्ता गोपाल गुरुङको निधन भएको छ । गत पुस ८ गते घरमै बेहोस भएका गोपाललाई त्यसैदिन भैरहवा मेडिकल कलेजमा भर्ना गरिएको थियो ।

मस्तिष्कघात भएका उनको आर्थिक अभावका कारण त्यहीदिन शल्यक्रिया गर्न नसकिएको सुस्ता बचाऊ आन्दोलनका प्रवक्ता रवीन्द्र जयसवालको भनाइ छ । उनले भने, 'रगत र अपरेशन गर्न पैसा खोज्दाखोज्दै ३ दिन ढिलाभयो । पैसा भैदिएको भए त्यहीदिन अपरेशन हुन्थ्यो ।'

उनको मंगलबार उपचारकै क्रममा अस्पतालमै निधन भएको हो । उनको उपचारमा १० लाख खर्च भैसकेको छ । करिब ६ लाख अस्पतालमा बुझाइएको छ । बाँकी ४ लाख खोजखाज गरेर शव बुझ्ने जयसवालले बताए ।

भारतीय सीमामा रहेको सुस्ताको भूमि जोगाउन उनले २४ वर्षभन्दा बढी भारतिय सुरक्षाकर्मीको ज्यादती सहे । उपचारका क्रममा पैसा अभाव भएपछि भने सुस्तेलीले गोपाल गुरुङ बचाउअभियान सुरु गरेर घरघरै नगद सहयोग मागेका थिए । त्यसबाट करिब १ लाख ९० हजार रुपैयाँ संकलन भएको थियो ।

रकम अभावकै कारण गुरुङको ज्यान गएको स्थानीयको भनाइ छ । 'उनको अवस्था विपन्न हो । हामीले उनलाई बचाउने अभियान सुरु गरे पनि सरकारले चासो नदिँदा सुविधासम्पन्न अस्पताल लैजान नसक्दा उनको ज्यान गयो,' अभियानका उपाध्यक्ष आदम खाँ भन्छन्, 'देशका लागि एक्लै लडेका गोपालको रकम अभावमै ज्यान गयो ।'

उनी ५९वर्षका थिए । २०५५ सालमा नेपाल प्रहरीको हवल्दारबाट अवकाश पाएपछि सुस्तामै घर बनाएर उनले बसोबास थालेका थिए । सुस्ता चौकीमै ड्युटी रहेकै बेला उनले अवकाश पाएका हुन् ।

उनी २०५७ सालमा भारतमा जेलसमेत परेका थिए । उनी सुस्ताको नेपाली भूमि सुस्तावासीले मात्र जोगाउन सक्ने भन्थे । सुस्तावासीलाई एक बनाएर वर्षौंदेखि नेपाली भूमिका रक्षामा खटिएका गुरुङको पैसा अभावमा निधन हनु विडम्बना भएको खाँ बताउँछन् ।

# अफगान युवतीहरूप्रति क्रूर बन्दै तालिवान सरकार



**विष्णु भट्टराई**

अफगानिस्तानमा सत्ता कब्जा गरेको करिब पन्ध्र महिनापछि तालिवानले छात्राहरूलाई पढ्न रोक लगाएपछि नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाईले एक ट्वीट गरिन्, 'कम्तीमा मलाई एउटा आशा थियो- अफगान छात्राहरू विद्यालयबाट घर फर्काइने छैनन् । तर तालिवानले आफ्नो वाचा पूरा गरेनन् ।'

छात्राहरूको शिक्षाका लागि गरेको योगदानको कदर स्वरूप उनले सन् २०१४ मा १७ वर्षको उमेरमा नोबेल पुरस्कार प्राप्त गरेकी थिइन् । सन् १९९६ देखि करिब ५ वर्ष सरकार चलाएको तालिवान त्यसको दुई दशकपछि सन् २०२१ को अगस्ट १५ मा पुनः सत्तामा फर्केको हो ।

नोबेल विजेता मलालाले चिन्ता व्यक्त गरेजस्तै तालिवानले आफ्नो प्रतिबद्धता लत्याएको छ । सत्ता कब्जा गरेसँगै तालिवान नेताहरूले महिला शिक्षाका लागि आफूहरू उदार रहने वाचा गरेका थिए । तालिवान प्रवक्ता सुहेल सहिनले 'पहिलेको तुलनामा खुकुलो शासन व्यवस्था सञ्चालन गर्ने तथा महिला अधिकारको सम्मान गर्दै विश्व परिवेशअनुसार शासन गर्न आफूहरू तयार रहेको' बताएका थिए । त्यसका साथै, महिलालाई कार्यालय, सार्वजनिक क्षेत्र तथा मनोरन्जनात्मक स्थानमा पनि सहज पहुँचको अवस्था सिर्जना गर्ने तालिवान नेताहरूको वाचा थियो । तर व्यवहारमा ठीकविपरीत देखिएका छन् उनीहरू ।

आफ्नो पहिलो शासनका बेला जारी गरेका कानुन र दण्ड सजायका आधारमा तालिवान विश्वभर कठोर शासकका रूपमा परिचित भएको थियो । त्यतिबेला निकै कडा सजाय दिएपछि तालिवानको अन्तर्राष्ट्रिय समुदायले कडा आलोचना गरेका थिए । हत्यारा तथा यौन व्यभिचारीलाई सार्वजनिक स्थानमा मृत्युदण्ड दिनुपर्ने र चोरी गर्नेको हात काटिदिनुपर्ने तालिवानको मान्यता छ । पुरुषले अनिवार्य रूपमा दाह्री पाल्नुपर्ने र महिलाले सम्पूर्ण शरीर बुर्काले छोप्नुपर्ने नियम छ ।

पछिल्लो शासनकालमा भने अन्तर्राष्ट्रिय समुदायको समर्थन र सहयोगका लागि पनि तालिवान उदार हुने ठानिएको थियो । तर पछिल्लो शासनकालमा पनि बोलीमा मात्र फेरिएको तालिवान महिला शिक्षा तथा हकअधिकारका विषयमा नियोजित रूपमा निकै अनुदार बन्दै गइरहेको छ । तालिवान नेतृत्वको सरकारले शिक्षण संस्था, कार्यालय, पार्क, जिमखानालगायत थुप्रै सार्वजनिक स्थलमा महिलालाई बन्देज लगाइसकेको छ । तीमध्ये शिक्षा क्षेत्रमा लगाइएको प्रतिबन्धको त जति नै विरोध गरेपछि कमै हुन्छ ।

सन् २०२१ को अगस्ट १५ मा सत्ता कब्जा गरेको तालिवानले २०२२ को मार्च २३ मा माध्यमिक विद्यालयमा छात्रालाई अध्ययनमा रोक लगाएको थियो । जसका कारण दसौं हजार शिक्षाबाट वञ्चित हुँदै आएका छन् । तालिवान सत्तामा आउँदा अफगानिस्तानमा ३७ लाख बालबालिका विद्यालय शिक्षाको पहुँचबाहिर थिए । तर तालिवान शासनयता थप १२ लाख छात्राहरू विद्यालय जानबाट वञ्चित भएका मलाला अर्गनाइजेसनल जनाएको छ ।

तालिवानका सर्वोच्च नेता हिबतुल्लाह अखुन्जादाले महिलालाई सकभर घरमै बस्न तथा अत्यावश्यक काममा घरबाहिर निस्कनुपरेको खण्डमा अनुहार पूर्ण रूपमा छोप्न मे ७ मा आदेश दिए । त्यसका साथै, उनले महिलाहरू आफू बसिरहेको सहरबाट बाहिर निस्कँदा अनिवार्य रूपमा पुरुष अभिभावक साथमा हुनुपर्ने निर्देशनमा उल्लेख थियो ।

त्यस्तै, तालिवानले 'रोटी, रोजगारी र स्वतन्त्रता' को मागसहित सन् २०२२ को अगस्टमा विरोध प्रदर्शनमा उत्रेका महिलामाथि चरम दमन गरेको थियो । शिक्षामाथि प्रतिबन्धको विरोधमा गरिएको आन्दोलनबारे समाचार संकलन गर्ने कतिपय पत्रकारलाई थुनामा राख्ने तथा चरम यातना दिइएको थियो ।

गत नोभेम्बरदेखि महिलालाई पार्क, मनोरञ्जन स्थल, जिमखाना तथा सार्वजनिक रूपमा नुहाउन रोक लगाएको तालिवान सरकारले डिसेम्बरमा छात्राहरूलाई विश्वविद्यालय प्रवेशमा प्रतिबन्ध जारी गरेको हो । त्यसयता देशका विश्वविद्यालयका प्रवेशद्वारमा सशस्त्र फौज परिचालन गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

अफगान शिक्षा मन्त्रालयले गत डिसेम्बर २१ एक पत्र जारी गर्दै 'देशभरका सार्वजनिक र निजी विश्वविद्यालयलाई महिला विद्यार्थीको प्रवेश रोक्न' निर्देशन दिएको थियो । पत्रमा मन्त्रिपरिषद्ले गरेको उक्त निर्णय तत्काल लागू हुने जनाइएको थियो । 'अर्को सूचना जारी नभएसम्मका लागि महिला शिक्षा स्थगन गर्ने उल्लिखित आदेशलाई तुरुन्त कार्यान्वयन गर्न सबैलाई जानकारी गराइन्छ,' शिक्षामन्त्री नेदा मोहम्मद नदिमद्वारा जारी पत्रमा उल्लेख गरिएको छ । शिक्षा मन्त्रालयका प्रवक्ता जियाउल्लाह हसिमीले सामाजिक सञ्जाल ट्वीटरमार्फत पनि उक्त पत्र सार्वजनिक गरेका थिए ।

सरकारी निर्णयको प्रतिक्रियामा संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदायले तालिवान सरकारको कडा आलोचनासमेत गर्दै आएका छन् । राष्ट्रसंघका प्रवक्ता स्टेफेन डुजारिकले पछिल्लो निर्णय 'आपत्तिजनक' रहेको र तालिवानले आफ्ना प्रतिबद्धता पूरा नगरेको जनाएका थिए । त्यस्तै, अफगानिस्तानका लागि राष्ट्रसंघीय विशेष दूतले समान शिक्षाको अधिकार उल्लंघनले महिलाहरू अफगान समाजबाट अलग हुने अवस्था आउने र त्यो निकै डरलाग्दो अवस्था भएको बताएका थिए ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले पनि तालिवानको निर्णयप्रति विरोध जनाउँदै यसको परिणामले तालिवान आफैं अप्ठ्यारोमा पर्ने चेतावनी दिँदै आएका छन् । 'तालिवानले सबैको अधिकारको सम्मान नगरेसम्म अन्तर्राष्ट्रिय समुदायको वैधानिकता प्राप्त नहुने' अमेरिकाको चेतावनी छ । 'देशको आधा जनसंख्यालाई पछाडि धकेलेर कुनै पनि देश फस्टाउन सक्दैन,' ब्लिंकेनको भनाइ छ । पश्चिमा देशहरूले तालिवान सरकारलाई औपचारिक मान्यता दिनका लागि अफगानिस्तानको महिला शिक्षा सुधार हुनुपर्ने बताउँदै आएका छन् । त्यसमा शिक्षा र स्वतन्त्रतालाई प्रमुखताका साथ उठाउने गरिएको छ । तर पनि तालिवान सरकारले भने त्यसको वास्ता नगरेको देखिन्छ । सरकारको पछिल्लो निर्णयले अफगान किशोरीहरूमा भने चरम निराशा उत्पन्न गरिदिएको छ । सरकारको निर्णयको विरोधमा केही महिलाहरूले राजधानी काबुललगायत स्थानमा विरोध प्रदर्शन गरेका थिए । अफगानिस्तान महिला एकता तथा ऐक्यबद्धता समूहको अगुवाइमा भएको प्रदर्शनलाई तालिवान फौजले नियन्त्रणमा लिएको थियो ।

त्यसयता पनि बेलाबखतमा स-साना प्रदर्शनहरू हुँदै आएका भए पनि तालिवान सरकारले त्यसलाई दबाबका रूपमा लिएको देखिँदैन । बरु प्रदर्शनमा संलग्न दर्जनौंलाई पक्राउ तथा हिरासतमा राख्ने गरिएको छ । यसको अर्थ, किशोरीलाई विद्यालय र युवतीलाई विश्वविद्यालयको ढोका बन्द गरेको तालिवान सरकारले जेलको ढोकाको आकार भने बढाएको छ ।

त्यसका साथै, छात्राहरूका अभिभावक तथा परिवारका सदस्यहरूमा समेत चिन्ता थपिएको छ । 'मलाई मेरो भविष्यसँग जोड्ने पुल उनीहरूले ध्वस्त पारिदिए । म यसमा के प्रतिक्रिया दिऊँ ?' सरकारको पछिल्लो निर्णयप्रति आक्रोशित काबुल विश्वविद्यालयकी एक छात्राले भनिन् । सरकारी निर्णयले आफ्नी छोरीका आँखामा कैयौं दिन आँसु नथामिएको चिकित्साशास्त्र अध्ययन गरिरहेकी एक विद्यार्थीकी आमाले बताइन् । छोरीले अब आफ्नो अध्ययन पूरा गर्न नपाउने त्राससमेत उनमा देखिन्छ । 'यो व्यक्त गर्नै नसकिने पीडा मेरो मात्र होइन, अन्य आमाहरूको पनि हो । हामीलाई अब आफ्ना छोरीहरूको भविष्यको चिन्ताले सताएको छ,' उनले भनिन् ।

अर्की एक छात्राले 'आफूले सबथोक गुमाएको' बताएकी छन् । कानुनकी विद्यार्थी उनले 'तालिवानको आदेश इस्लाम र अल्लाहले दिएको अधिकारविपरीत भएको' बताइन् । 'आफ्ना निर्णयहरू इस्लामिक नभएको बुझ्न तालिवानहरू अन्य इस्लामिक देशमा जानुपर्छ,' उनले भनिन् ।

'एक दिन सबेरै हामी उठ्दै गर्दा उनीहरूले भन्नेछन्- छात्राहरूलाई विश्वविद्यालयमा निषेध गरिएको छ,' एक महिला विद्यार्थीले एक साताअघि नै भनेकी थिइन् । दुई साताअघि तालिवान सरकारले ३४ मध्ये ३१ प्रान्तमा छात्राहरूले माध्यमिक विद्यालयमा परीक्षा दिन पाउने जनाएको थियो । यद्यपि, ती प्रान्तमा छात्राहरूलाई विद्यालयमा अध्ययनको अनुमति भने दिइएको छैन ।

सरकारभित्रका कट्टरपन्थीहरूले महिला अधिकार र स्वतन्त्रता हननका लागि उल्लेखनीय भूमिका निर्बाह गरेको जनाइएको छ । तालिवान नेता अखुन्दजादा र उनका भित्री सहयोगीहरू खासगरी महिला तथा छात्राहरूले लिने आधुनिक शिक्षाको विरुद्धमा रहेको जनाइएको छ । तर केही तालिवान नेताहरू भने महिला अधिकार र शिक्षाका पक्षमा देखिएको भए पनि उनीहरूको संख्या निकै कम भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । जसका कारण लामो समयदेखि यस विषयमा तालिवान उच्च नेतृत्वबीच छलफल चलिरहेको भए पनि सरकार पछि हट्ने कुनै सम्भावना देखिँदैन । 'राष्ट्रिय स्वार्थ र महिलाको सम्मानका लागि' उक्त निर्णय गर्नुपरेको भन्दै तालिवानले आफ्नो कदमको प्रतिरक्षा गर्दै आएको छ । छात्राहरूलाई माध्यमिक तह तथा विश्वविद्यालय शिक्षामा लगाइएको प्रतिबन्ध अस्थायी भएको बताउने गरेको छ । इस्लामिक नियमअनुसारको नयाँ पाठ्यक्रम आवश्यक भएको र त्यसका लागि केही समय लाग्ने तालिवान सरकारको भनाइ छ । *(एजेन्सीहरूको सहयोगमा)*












# बीबीसी डकुमेन्ट्रीले मोदी सरकार तनावमा

नयाँ दिल्ली । भारतमा बीबीसीको डकुमेन्ट्रीको विषयमा प्रश्न खडा भएका छन् । यसमार्फत सन् २००२ मा भएको गुजरात दङ्गाका बेला तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा प्रश्न उठाइएको छ । खबरका अनुसार विपक्षका थुप्रै नेताले यो डकुमेन्ट्रीको लिङ्क सेयर गरिरहेका छन् । यस्तै, भारत सरकारले देशमा यसको प्रसारणमा रोक लगाएको छ । यति मात्रै होइन, ब्रिटेनमा पनि यो मुद्दा मज्जाले चर्चित भइरहेको छ र थुप्रै राजनेताले बीबीसीमाथि प्रश्न उठाइरहेका छन् ।

ब्रिटिस ब्रोडकास्टरले दुई शृङ्खलामा 'इन्डिया : द मोदी क्वेश्चन' नामको एक सिरिज जारी गरेको थियो । रिपोर्टका अनुसार यसको सुरुवात प्रधानमन्त्री मोदीको राजनीतिमा प्रवेशदेखि भारतीय जनता पार्टीमा बढ्दो कद र गुजरातको मुख्यमन्त्री बनेको कहानी छ । डकुमेन्ट्रीमा २००२ को दङ्गाका बेला मोदीको नेतृत्वमा प्रश्न उठाइएको छ । डकुमेन्ट्रीमा ब्रिटेनका पूर्व विदेश सचिव ज्याक स्ट्रको अन्तरवार्ता छ जसमा ब्रिटिस सरकारले सन् २००२ मा गुजरात दङ्गाको अनुसन्धान गरेका थिए भनेर बताइएको छ ।

विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भनेका थिए, 'द मोदी क्वेश्चनमा अब्जेक्टिभिटीको कमी थियो र यो प्रोपोगान्डा थियो ।' उनले भनेका थिए, 'यस्तो गर्नका लागि बीबीसीको उद्देश्य के हो र यसको पछाडिको एजेन्डा के हो भनेर सोच्न बाध्य पारेको छ । यो एक प्रोपोगान्डा पिस हो जसलाई एक बदनाम कहानीलाई अघि बढाउनका लागि तयार गरिएको हो । पक्षपातपूर्ण, निष्पक्षताको कमी र औपनिवेशिक मानसिकता स्पष्ट रूपमा देखिएको छ ।'

भारतमा विपक्षका थुप्रै नेताले डकुमेन्ट्रीमा सेन्सर सिपमाथि प्रश्न उठाएका छन् । तृणमूल कांग्रेस सांसदले आइतबार ती ट्वीट्सको सूची सेयर गरे जसलाई सरकारले ब्लक गर्न चाहन्छ । साथै, उनले डकुमेन्ट्रीको लिङ्क पनि सेयर गरेका छन् । साथै उनले लेखे, 'यदि साँचो बोल्नु विद्रोह हो भने हामी बागी हौं ।' उनले ट्विटमा अर्का टिएमसी सांसद डेरेक ओ ब्रायनको पनि कुरा गरेका छन् । शिवसेना सांसद प्रियङ्का चतुर्वेदीले यसको विरोध जति गरिन्छ मानिसहरू त्यति नै यो हेर्नका लागि उत्सुक हुने बताइन् ।



अल इन्डिया मजलिस-ए-इत्तेहादुल मुस्लिमिनका अध्यक्ष असुदुद्दीन ओवैसीले पनि डकुमेन्ट्रीमा रोक लगाएकोमा सरकारको आलोचना गरेका छन् । उनले प्रश्न गरे 'के प्रधानमन्त्रीले गोडसेमाथि बनेको फिल्मलाई पनि ब्लक गर्नेछन् ?' सांसदले भने, 'सरकारले ब्रिटिस कानुनको आधारमा ट्विटर र युट्युबमा भारतमा बीबीसीको अन्तरवार्तामाथि प्रतिबन्ध लगाइदिएका छन् । हामी मोदीलाई सोध्छौं कि गुजरात दङ्गामा आकाशबाट वा अन्तरिक्षबाट मानिसहरूको हत्या गरिएको थियो ?उनले प्रश्न सोधे, 'भाजपाले कार्यक्रममाथि प्रतिबन्ध लगाइदिएका छन् । म प्रधानमन्त्री र भाजपा नेतालाई गान्धीलाई मार्ने गोडसेमाथि तपाईंको विचार के छ भनेर सोध्न चाहन्छु । अब गोडसेबारे फिल्म पनि छन् । के प्रधानमन्त्रीले गोडसेमाथि बनिरहेको फिल्मलाई पनि प्रतिबन्ध गर्नेछन् ? म भाजपालाई गोडसेमाथि बनेको फिल्ममा प्रतिबन्ध लगाउन चुनौती दिन्छु ।'

केन्द्रीय मन्त्री किरेन रिजिजूले ट्विट गरे, 'भारतमा केही मानिस अहिले पनि औपनिवेशिक नशाबाट टाढिएका छैनन् । उनीहरू बीबीसीलाई भारतको सर्वोच्च अदालतभन्दा पनि माथि मान्छन् र आफ्ना नेताहरूलाई खुसी बनाउनका लागि देशको गरिमा र छविलाई कुन हदसम्म धुमिल पार्न सक्छन् ।'

भारतीय सञ्चार माध्यमका अनुसार ब्रिटेनका प्रधानमन्त्री ऋषि सुनकले यस विषयमा मोदीको बचाउ गरेका छन् । सुनकलाई बीबीसीको वृत्तचित्रमा गरिएको दाबीसँग कत्तिको सहमत हुनुहुन्छ भने प्रश्न सोधिएको थियो, यसमा उनले भने, 'म विपक्षी लेबर पार्टीका सांसद, पाकिस्तानी मूलका इमरान हुसैनद्वारा प्रधानमन्त्री मोदीको चरित्र चित्रणसँग सहमत छैन ।'

हाउस अफ लर्डर्सका सदस्य लर्ड रामी रेन्जरले बीबीसीको पक्षपातपूर्ण रिपोर्टिङको विरोध गरेका थिए । उनले ट्विट गरे, 'बीबीसी न्युजले आफ्ना करोडौं भारतीयलाई दुःख पुर्‍याएको छ । यो लोकतान्त्रिक तरिकाले छानिएका प्रधानमन्त्री, भारतीय प्रहरी र भारतीय न्यायपालिकाको अपमान हो । हामी दंगा र जनहानीको निन्दा गर्छौं र तपाईंको पक्षपातपूर्ण रिपोर्टिङको निन्दा गर्छौं ।'

प्रेरक

## मनैदेखिको सम्मान

सहरको एक गल्लीमा पुरानो तालाको दोकान थियो । दोकानमा तालाचाबी मात्र बेच्न राखिएका थिए । कहिलेकाहीँ चाबी हराएका मानिस डुप्लिकेट चाबी बनाउन पनि आउँथे । तालाको दोकानमा एउटा ठूलो हतौडा पनि थियो, जुन



ताला तोड्नलाई प्रयोग गरिन्थ्यो ।

सानो चाबीले सहजै ताला खोलेको देखेर हतौडा अक्सर सोच्थ्यो– आखिर यति सानो चाबीमा त्यस्तो के खुबी छ, जसले ठुल्ठूला ताला पनि सजिलै खोलिदिन्छ, जबकि मलाई यसका लागि कति धेरै प्रहार गर्नुपर्छ ।

हतौडाले जिज्ञासा जसरी पनि मेटाउने सोच्यो । सोही रात दोकान बन्द भएपछि हतौडाले एउटा सानो चाबीलाई सोध्यो, 'तिमीहरू यति साना छौ । तर पनि तिमीहरू जिद्दी तालालाई सजिलै खोलिदिन्छौ । जबकि म यति बलशाली हुँदा पनि त्यस्तो गर्न सक्दिनँ ?'

चाबीले हाँस्दै भन्यो, 'खासमा तिमी ताला खोल्नका लागि बलको प्रयोग गर्छौ । यसले ताला खुलाउँदैन, फुटाउँछ । जबकि म तालालाई कुनै चोट पुर्‍याउँदिनँ । बरू म उसको भित्री मनमा गएर ऊसँग मेल गर्छु र उसको मनमा ठाउँ बनाउँछु । त्यसपछि खुल्न निवेदन गर्दा पनि ऊ खुसी खुसी खुल्छ ।' हतौडा र चाबीको संवादमा मानवीय स्वभावको झल्को भेटिन्छ । हामीले अरूबाट काम गराउने हो भने उसको मनमा बस्न सक्नुपर्छ । कोहीबाट जबर्जस्ती काम त गराउन सकिन्छ, तर यसबाट उसको मनमा हामीप्रति कुनै सम्मान हुँदैन ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । नोकरी तथा व्यवसायमा विशेष फाइदा हुनेछ । भौतिक साधनहरू संग्रह हुनेछन् । कामको राम्रै मूल्यांकन हुनेछ । आम्दानीका विभिन्न स्रोत फेला पर्नेछ । लगानीतर्फ लागत बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । छोटो समयमै उचित कर्मफल प्राप्त हुनेछ ।

### वृष

कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ । तर पहिलेका सहयोगीहरू प्रतिस्पर्धीका रूपमा देखा पर्नेछन् । प्रतिद्वन्द्वीहरू बढ्नेछन् भने लाभांश बाँडिन सक्छ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । उद्योग र व्यापारमा फाइदा हुनेछ । पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ । चुनौती पन्छाएर पनि लाभ उठाउन सफल भइनेछ ।

### मिथुन

परिस्थितिवश काममा ढिलासुस्ती हुन सक्छ । आफ्नो विषयवस्तुमा अरूले दाबी-विरोध गर्न सक्छन् । काम रोकिनाले मन खिन्न रहनेछ । केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला । श्रम परे पनि सम्भावना खोजी गर्ने समय छ । पछिका लागि गरिएको मेहनतले फाइदा दिनेछ । व्यापार सामान्य रूपमा चल्नेछ । सामाजिक समस्या सुल्झाउने जिम्मेवारी आउन सक्छ ।

### कर्कट

परिस्थिति केही असहज रहने समय छ । अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ । आफ्ना कमजोरीको फाइदा उठाउनेहरू सक्रिय हुनेछन् । कमजोर नतिजा सच्याउन केही काम दोहोर्‍याउनुपर्ला । चिताएको मूल्य प्राप्त नभए पनि पछि फाइदा हुने काम गर्न सकिनेछ । वादविवादमा अघि नसर्नुहोला । सावधानीले नै सम्भावित समस्या टर्न सक्छ ।

### सिंह

काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । कामको सफलताले हौसला जगाउनेछ । व्यापार बढ्नेछ । व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । सोखले भौतिक साधन जुटाउन प्रेरणा प्राप्त हुनेछ ।

### कन्या

द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । योजनाअनुसार समयमै काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक कारोबारमा फाइदा हुनेछ । आस मारेको नतिजा अन्त्यमा सकारात्मक हुनेछ । रोकिएको काम पुनः प्रारम्भ हुनेछ ।

### तुला

काम रोकिनाले समयमा लक्ष्यप्राप्ति नहुन सक्छ । अरूका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ । अवसर प्राप्त भए पनि काममा ढिलासुस्ती हुनेछ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला । संघर्षले कर्मयोग अघि बढ्नेछ । अध्ययनमा धेरै समय जुट्न नसकिएला । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला ।

### वृश्चिक

आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ । आफन्त र परिवारजनलाई समय दिनुपर्ने हुन सक्छ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ । तर, फाइदा मात्र हेर्दा नाम बिग्रन सक्छ । बलजफ्तीले काम बिग्रन सक्छ । पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ । आय आर्जनका उपायहरु खोज्नुपर्ला । निकै मे हनतले मात्र सफलता प्राप्त हुनेछ ।

### धनु

नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

### मकर

सुखद समाचारले उत्साह जगाउनेछ । बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । सहयोगीहरूले हिम्मत दिलाउनेछन् । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

### कुम्भ

कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । काममा विशेष अवसर प्राप्त हुनेछ । पहिलेको सफलताले पनि हौसला जगाउनेछ । व्यापारमा फाइदा हुनेछ ।

### मीन

बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला । आफन्तबाटै टाढिनुपर्ने हुन सक्छ । आफ्नो कामको फल अरूले हत्याउने चेष्टा गर्नेछन् । केही पाउन अर्को वस्तु त्याग्नुपर्ला । व्यवसायमा लगानी थप्नुपर्ने हुन सक्छ । खर्चिलो काम थाल्नाले धेरै रकम जुटाउनुपर्ला । खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला । परिवार तथा आफन्तसँग भेटघाट र मनोरञ्जनमा समय बित्नेछ ।

# हिमपातले जनजीवन प्रभावित



काठमाडौं । मंगलबार बिहानदेखि मौसममा बदली आउँदा परेको झरी तथा हिमपातका कारण डोल्पाको हवाई सेवा, विद्युत् र सञ्चार सुविधा प्रभावित भएको छ ।

सदरमुकाम दुनैका स्थानीय नन्दलाल थापाका अनुसार मंगलबारदेखि जुफाल विमानस्थलबाट उडान हुन सकिरहेको छैन भने विद्युत र टेलिफोन सुविधा पनि अनियमित भएको छ ।

डोल्पाका अधिकांश भूभागमा भइरहेको हिमपात बुधबार पनि जारी रहेको र पानी पर्न केही कम भए पनि चिसो भने अत्याधिक बढेको ओलीले जानकारी गराए । लामो खडेरीलाई चिर्दै हिउँदे झरी पर्दा कृषि र पशुपालन फाइदा हुने भए पनि चिसो बढ्दा जनजीवन भने प्रभावित भएको छ ।

त्यस्तै मुगुमा हिमपातले गर्दा मुगुका लेकाली गाउँ कपास झैं सेताम्य देखिएका छन् । मंगलबार परेको हिउँले घर आँगन खेतबारी रुखहरू सेतै भएका छन् ।

समुद्री सतहदेखि करिब २९ सय मिटर उचाइसम्मका बस्ती बाम, रोवा, घट्टलेख, कोटिला, झयारी, ताल्चालगायत बस्तीमा ५ इन्च हिउँ जमेको छ । त्योभन्दा माथि मुगु, रारा, खमाले, चुचुमारेलेक, क्षेत्रमा आधा फिट हिउँ जमेको छ । बुधबार बिहानदेखि मौसममा केही सुधार आएपछि लेकाली बस्तीका स्थानीय घरको छतमा जमेको बाक्लो हिउँ फाल्न थालेका छन् ।

हिमपातका कारण हवाइ सेवा सडक मार्ग प्रभावित बनेको छ । जिल्लाको एक मात्र रारा विमानस्थलमा आधा फिट भन्दा बढी हिउँ जमेपछि नेपालगञ्ज सुर्खेतदेखि उडान भर्ने सिता, समिट, तारा, नेपाल एयरलाइन्स लगायत हवाइ सेवा अवरुद्ध भएका छन् । एक्कासी हिमपात भई हवाई सेवा बन्द हुँदा जिल्लादेखि तराई झर्ने सुर्खेत नेपालगञ्जबाट माथि जिल्लातिर जाने यात्रुहरू अलपत्र परेका छन् ।

रारा विमानस्थलमा पनि आधा फिट हिउँ जमेपछि सुर्खेत नेपालगञ्जदेखि नियमित उडान नभएको नागरिक उड्डयन प्राधिकरण ताल्चा राराले जनाएको छ । हिमपातका कारण सिमित हवाई सेवा मात्र नभएर गमगढी नाग्मा सडक मार्ग समेत अवरुद्ध हुँदा सवारी साधनबीच बाटोमा अलपत्र परेका छन् । मुगु र जुम्लाको सिमाना घुच्चीलेकमा दुई फिट हिउँ जमेपछि ठूलादेखि साना सवारी साधन चल्न मुस्किल भएको छ ।

माघ महिनाको भारी हिमपातले पर्यटकीय स्थल रारा सेताम्य देखिएको छ । हिउँ नपर्दा खडेरी र सुक्खाग्रस्त देखिन रारा मंगलबार भारी हिमपात हुँदा रारा कपास झैं सेताम्य देखिएको हो । यो वर्षकै पहिलो रारामा बाक्लो हिउँ परेको छ ।

गत वर्षहरूमा पुस महिनामै तीन चार पटक हिउँ पर्ने रारामा यो पटक माघ लागेपछि हिउँ परेको रारा राष्ट्रिय निकुञ्जको कार्यालयले जनाएको छ । जिल्लामा भारी हिमपात हुँदा चिसोले जनजीवन प्रभावित बनेको छ । बाहिर हिमपात र वर्षा सँगैभित्र स्थानीय कर्मचारी व्यापारी आगो हिटर बालेर बस्न बाध्य भएका छन् ।

## म्युजिक खबर म्युजिक अवार्डको मनोनयन



काठमाडौं । दशौं संस्करणको म्युजिक खबर म्युजिक अवार्डको उत्कृष्ट पाँचको मनोनयन आयोजक पक्षले मँगलबार सार्वजनिक गरेको छ । गत २०७८ साल बैशाखदेखि गत २०७९ असार मसान्तभित्र बजारमा आएका विभिन्न विधाका नेपाली गीत संगीतलाई दशौं म्युजिक खबर म्युजिक अवार्डमा समावेश गरिएको आयोजक सुमन पण्डितले बताएका छन् ।

बिगत झैं यसपटक पनि आयोजक पक्षले नेपाली गीतसंगीत, म्युजिक भिडियो तथा मोडलिङका विभिन्न ४० विधामा उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक गरिएको छ । मनोनयनमा परेकाहरूलाई काठमाडौंमा चाँडै एक समारोहबीच प्रमाणपत्र प्रदान गरिने अवार्ड सँयोजक सविता पोखरेलले जानकारी गराएकी छिन् ।

गायक गायिका, रचनाकार, संगीतकार, एरेन्जर, ध्वनि सम्पादक, भिडियो निर्देशक, छायाँकार, भिडियो सम्पादक, उत्कृष्ट गीत लगायतका विविध विधाहरूमा अवार्ड आयोजना गरिने बताइएको छ । आयोजक पक्षले अवार्डमा राष्ट्रिय भाव, पप गीत, लोकदोहोरी, गजल, चलचित्र र आधुनिक विधाका स्रष्टा र सिर्जनालाई मनोनयनमा समेटेको छ ।'कल्चर फर टुरिजम' भन्ने मूल उद्देश्यका साथ आन्तरिक रुपमा सांस्कृतिक पर्यटन बढाउन राजधानी लगायत अन्य प्रदेशमा पनि अवार्ड आयोजना गरिने सविताले बताएकी छिन् ।

अवार्डमा गीत संगीत क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका एक जना विशिष्ट कला साधकलाई दीर्घसाधना सम्मान प्रदान गरिँनेछ । त्यस्तै पछिल्लो दशकमा क्रियाशील रहेका कला साधकलाई दशकको स्रष्टा सम्मान प्रदान गरिनेछ भने एक जना युवा प्रतिभालाई म्युजिक खबर युवा प्रतिभा सम्मान प्रदान गरिने भएको छ । शुभकामना मिडिया सोलुशनको आयोजनामा आगामी फागुनको पहिलो हप्तामा काठमाडौंमा यो अवार्ड आयोजना गरिने पनि आयोजक पक्षले जानकारी गराएको छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Grotto = सानो गुफा There are many grottos in Capri of Naples where one can go through small boats नेपल्सको काप्रीमा धेरै ससाना गुफाहरू छन् जहाँ ससाना डुंगाको माध्यमबाट जान सकिन्छ ।

Hover = झुम्मिनु The crowd hovered around the place accident had taken place भीड दुर्घटनास्थलमा यत्रतत्र झुम्मियो ।

Incongruity = नमिल्ने र नसुहाउने The incongruity of his wearing necktie with Nepalese pantaloon amused other उसले नेपाली सुरुवालसँग टाई लगाएकोमा नमिल्दो भएको देखी सबैजना हाँसे ।

Jaundiced = पूर्वाग्रही Since she does not like him, she looked at his painting with jaundiced eyes उसलाई मन नपराउने हुँदा उनले उसको कलाकृतिलाई पनि पूर्वाग्रही दृष्टिकोणले हेरिन् ।

Lugubrious = शोकपूर्ण The lugubrious howling of the dog is considered to be a bad omen कुकुरको शोकपूर्ण रुवाइलाई अलच्छिनको पूर्वसंकेतको रुपमा लिइन्छ ।

Ludicrous = हाँस्नुपर्ने कुरा Be serious, this is not a ludicrous issue गम्भीर होऊ, यो कुनै हाँस्नुपर्ने कुरा होइन ।

Myopic = दूरदृष्टि नभएको For being a successful politician, one should be farsighted not myopic सफल नेता बन्नका लागि दूरदृष्टि भएको हुनुपर्छ ।

Nonentity = महत्वहीन व्यक्ति Although he was dismissed illegally as a nonentity, he did not dare to sue महत्वहीन ठानेर उसलाई जागिरबाट निकाले तापनि त्यसको विरोधमा उसले मुद्दा हाल्ने साहस गरेन ।

Outspoken = सबै कुरा खुलेर भन्ने Too outspoken sometimes might be a cause of failure बढी खुलेर बोल्नु पनि कहिलेकाहीँ असफलताको कारकतत्व बन्न सक्छ ।

Plummet = गिरावट आउनु As soon as the rate of interest rose the stock price plummeted बैंक ब्याजदर बढ्ने बित्तिकै शेयर बजारमा बेस्सरी गिरावट आयो ।

## Catch बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Catch somebody on = लाग्नु The stone caught him on the side of his head उसको टाउकोको एकापट्टि भागमा उसलाई ढुंगा लाग्यो ।

Catch some one's something = ध्यान खिच्नु His speech could not catch our attention उसको भाषणले हाम्रो ध्यान खिच्न सकेन ।

Catch some one's breath in = ले सास रोकिनु He caught his breath in surprise आश्चर्यमा पर्दा उसको सास रोकियो ।

Catch someone's death = ले मर्नु Put on a woolen jacket otherwise you will catch your death ऊनको ज्याकेट लगाउ होइन भने जाडोले मर्लाउ ।

Catch something = लाग्नु Do not stand near to fireplace you might catch fire आगोको नजिकै नउभिऊ, आगो लाग्ला ।

Catch something = अठ्याउनु If your father finds you here in this condition he will really catch it यो अवस्थामा तिम्रो बाबुले भेट्छ भने तिमीलाई राम्रै अँठ्याउला ।

Catch somebody napping = कसैको कमजोरी देखाउनु Do not let the boss catch you napping हाकिमलाई आफ्नो कमजोरी नदेखाउ ।

Catch some body red handed = रंगे हात समात्नु The police caught him red handed while taking bribe प्रहरीले उसलाई घूस लिँदा लिँदै रंगे हात समात्यो ।

Catch sight of = को देख्नु We could catch a sight of a car running in the distance हामीले पर एउटा कार दौडिरहेको दृश्य देख्यौ ।

Catch on = बुझ्नु She is very slow to catch on तिनी अलि ढिलो कुरा बुझ्छिन् ।

### सुडोकु–अंक २८८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | ९ | | | | | |
| | | ९ | ४ | | | ८ | | |
| २ | ७ | | ८ | | | | ६ | |
| | | ७ | | | | | | |
| ४ | | १ | २ | | ७ | ६ | | ३ |
| | | | | | | ५ | | |
| | ४ | | | | ६ | | ८ | ७ |
| | | २ | | | ४ | ९ | | |
| | | | | | ९ | | | २ |

### अंक २८७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | ९ | ७ | ५ | २ | ४ | ३ | १ |
| १ | ५ | ४ | ३ | ९ | ६ | ८ | ७ | २ |
| ७ | २ | ३ | १ | ४ | ८ | ९ | ५ | ६ |
| ४ | ८ | ५ | २ | ३ | ७ | ६ | १ | ९ |
| ३ | ९ | ७ | ६ | १ | ४ | २ | ८ | ५ |
| २ | १ | ६ | ९ | ८ | ५ | ३ | ४ | ७ |
| ९ | ७ | १ | ४ | २ | ३ | ५ | ६ | ८ |
| ५ | ४ | २ | ८ | ६ | १ | ७ | ९ | ३ |
| ६ | ३ | ८ | ५ | ७ | ९ | १ | २ | ४ |


## लिंग छनौट गरी गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरूत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- हिंसारहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# Certificates



Certificate of Honour of Kim Il Sung-Kim Jong Il Foundation

Certificate of Donation of Kim Il Sung-Kim Jong Il Foundation

The certificates of the **Kim Il Sung-Kim Jong Il** Foundation are divided into the certificate to be awarded upon the members of the Board of Directors of the **Kim Il Sung-Kim Jong Il** Foundation, the certificate of honour, the certificate of donation and the certificate of membership.

The certificates of honour consist of the certificate of honorary chairman, the certificate of honorary vice-chairman, the certificate of honorary director and the certificate of honorary membership.

The certificates of honour are awarded upon the prominent figures and activists of various countries of the world who have consistently directed deep concern on the **Kim Il Sung-Kim Jong Il** Foundation activities and made a distinguished contribution to expanding and developing the **Kim Il Sung-Kim Jong Il** Foundation.

The certificate of donation is awarded upon all the donors.

The certificate of membership is awarded upon those who want to be a member of the **Kim Il Sung-Kim Jong Il** Foundation.

Carried inside all the certificates are the smiling portraits of the great leaders and engraved on their rectos are the emblem of the **Kim Il Sung-Kim Jong Il** Foundation.



On January 16, 2018, 5 years ago, respected Comrade Kim Jong Un, with a far-reaching plan to achieve rapid development in education, visited the newly-remodeled Pyongyang Teacher Training College.

The college, with a total floor space of more than 24 100 square meters, perfectly meets all the requirements of educational work. It has multi-function class rooms, education science exhibition hall, a library which could be seen as a reduced version of the Sci-Tech Complex, modern gymnasium, indoor swimming pool, etc. The college is pedigree establishment for training teachers completed under the meticulous care of respected Comrade Kim Jong Un.

He expressed great satisfaction over the fact that the college was reconstructed and modernized as required by the new era. And he said that education is work of lasting significance for the country's future and the teacher training colleges have an important role to play in glorifying the DPRK as a country of education and a talent power by bringing about a radical improvement in education in the new century.

Revolution in education doesn't mean following in the steps of others. It means providing creative, innovative and offensive educational methods which challenge and lead the world and ensure that the level of our country's education goes beyond the one of developed countries in the shortest possible period. In this way, we should achieve our ultimate goal of transforming our country into a country of education and talent power as soon as possible. This is the ennobling intention of respected Comrade Kim Jong Un.

Respected Comrade Kim Jong Un, by setting the educational work for the posterity as an important matter related to the rise or fall of the country, took important measures for giving a top priority to the development of education in the historic march of the new century of Juche.

In September 2012, he brought about a radical turn in the new era's educational revolution by introducing the universal 12-year compulsory education system. And in August 2014, he opened up a broad avenue for the education in the new century by publishing the immortal classic work "Let Us Glorify Ours as the Country of Education and a Power of Talents by Bringing about a Revolution in Education in the New Century".

At the 3rd Plenary Meeting of the 7th Central Committee of the WPK, respected Comrade Kim Jong Un put forth the historical slogan "Let us make a leap forward by dint of science and guarantee the future by dint of education!" and wisely clarified the tasks and ways to flare up educational revolution in the new century among educational institutions. He also saw to it that a climate of attaching utmost importance to education pervades the whole country.

Comrade Kim Jong Un personally projected the construction of super-class modern apartments for educators and organized and guided the whole process of the construction. He also promised to actively support the university as honorary president. With his paternal love, a social climate of attaching importance to education was established more firmly in the whole country.

Under the noble love of respected Comrade Kim Jong Un, our education today serves as the nutrient of growth and the base of soul which brings up the coming generation – our future – in a strong and faithful way.

Thanks to the benevolent love and wise leadership of respected Comrade Kim Jong Un dedicated to the educational work for the posterity, our new generations are soundly growing into the pillars and masters of the future Korea, and our fatherland will continue to shine brilliantly as a country of education and as a talent power envied by the whole world.

# चन्द्रशमशेरले बनाएको ग्यालरी बैठकको कथा

■ सुनिल उलक

हुन त धेरैलाई यो भवन देख्दा पञ्चायतको भुतले सताउला । पञ्चायती व्यवस्था जन्मिएदेखि नै यो भवनमा राष्ट्रिय पञ्चायतको बैठक हुने गर्दथ्यो । हुन त पञ्चायती व्यवस्था सुरू हुनुअगाडि २०१५ को चुनावपछि महासभाको बैठक पनि यही भवनमा भएको थियो ।

यो भवनको कथा भने धेरै पुरानो छ । वि.सं. १९६५ असारमा राणा प्रधानमन्त्री चन्द्रशमशेरले सिंहदरबारको संरचना बनाउँदा नै यो भाग पनि बनाएका थिए । तर बाठा चन्द्रशमशेरले भवन तैयार भएपछि नेपाल सरकारलाई २ करोडमा सिंहदरबारभित्रको सम्पूर्ण संरचना तथा जमिन पनि बेचे । तर प्रधानमन्त्रीको हैसियतले मृत्युपर्यन्त सिंहदरबारमा नै बसे ।





चन्द्रशमशेरले सिंहदरबार बनाउँदा मूल भवनको पछाडि नै निजी थिएटर भवन पनि बनाएका थिए । जसलाई उनले ग्यालरी बैठक नाम दिएका थिए । यही ग्यालरी बैठकमा उनले नाचगान, भोजभतेर तथा बिदेशी पाहुनाको स्वागत सत्कार गर्ने गर्दथे । २००४ सालमा राणा प्रधानमन्त्री पद्म शम्शेरले भारदारी सभा गठन गरे पछि यसको बैठक यहि भवनमा नै गराए । २००४ सालको माघ १३ गते पहिलो भारदारी सभाको बैठकबाट नै "नेपाल सरकार बैधानिक कानुन २००४" घोषणा भएको थियो । २००७ पुस २४ मा राणा प्रधानमन्त्री मोहन शम्शेरले भारदारी सभा बोलाई राजा त्रिभुवनलाई राजा मान्न तैयार रहेको प्रस्ताव यहि भवनमा पारित गराएका थिए । देशमा प्रजातन्त्र आएपछि २००७ चैत्र २९ गते पहिलो भारदारी सभाको बैठक पनि यहि भएको थियो ।

सोही ग्यालरी बैठक नै देशको प्रथम निर्वाचित प्रनिनिधीको लागी महासभा भवन बन्यो । २०१६ असार १६ गते मंगलवारको दिन पहिलो महासभाको बैठक यहि ग्यालरी बैठकमा भएको थियो । २०१७ पौष १ गते अचानक राजा महेन्द्रले पञ्चायती व्यवस्थाको शुरूवात गरेपछि राष्ट्रिय पञ्चायतको पहिलो अधिवेशन २०२० बैशाख १ गते आइतवारको दिन यहि ग्यालरी बैठकमा बोलाइएको थियो । दोश्रो बैठक असार २० गते बिहिबार र तेश्रो बैठक माघ १५ गते बुधवार गरि एकै वर्षमा तीनवटा अधिवेशन बोलाइएको थियो । पञ्चायतकालका सम्पूर्ण अधिवेशन यहि ग्यालरी बैठकमा नै भए ।

पञ्चायतको समाप्ती पछि २०४८ सालको प्रथम चुनाव पछिको २०४८ साल असार ६ गते बिहिवार यहि ग्यालरी बैठकमा नै संसदको पहिलो बैठक बोलाइएको थियो । २०५९ जेठ ८ गते राजा ज्ञानेन्द्रबाट प्रतिनिधि सभा बिघटन भएको घोषणा गरे । यस अगाडीका सबै संसदको बैठक ग्यालरी बैठकमा नै भए । राजनैतिक अन्योलता पछि ६२-६३ आन्दोलन पछि देशले एकपटक फेरी कोल्टे फेर्यो । २०६३ बैशाख ११ गते राजाबाट बिघटित प्रतिनिधी सभालाई पुनर्स्थापना गरेको घोषणा भयो । यसपछि





पुनर्स्थापित प्रतिनिधि सभाको पहिलो बैठक २०६३ बैशाख १५ गते यहि भवनमा नै भयो । यसरी २०६४ सम्म संविधान सभाको चुनाव पूर्वका सबै बैठक यसै भवनमा नै भए ।

देशले पहिलो पटक संविधान सभा पायो । तर यो संविधान सभा देशले सोचे भन्दा ठूलो थियो । जनसंख्याको अनुपात भन्दा धेरै नै ठूलो थियो । ६०१ संविधान सभाको सदस्यहरू ग्यालरी बैठकमा अटाउने सम्भावना नै थिएन । जसले गर्दा काठमाडौ महानगरपालिका अन्तर्गत रहेको अन्तराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरलाई नै अस्थाइ रूपमा संविधान सभा भवनको रूपमा भाडामा उपयोग गर्न थाल्यो ।

यसरी संविधान सभाको गठन पूर्वका १०० भन्दा बढी अधिबेशन यहीँ बाट भएको थियो । २०७२ को महाभूकम्पले आंशिक क्षति भएको यो भवन प्रयोगविहीन रूपमा रहेको थियो । पुरातत्वले मर्मत गरि जीर्णोद्धार गर्ने भनिए पनि प्रतिनिधि सभाको बिकास तथा प्रविधि समितीले भत्काउने निर्णय गरेको छ । एउटा सिङ्गो ईतिहास बोकेको भवनलाई गलत सोचले भत्काई ईतिहास मेट्ने तैयारी गर्दैछ ।

हालै सिंहदरवार भित्रकै पुतली बगैँचा क्षेत्र सेनाबाट प्राप्त भएपछि आफ्नै नयाँ संसद भवन पुतली बगैचामा बन्दै गरेको छ । गृह मन्त्रालय नजिकै अनामनगर तर्फको क्षेत्रमा रहेको हुँदा नयाँ बन्ने संसद भवनको लागी अनामनगर तर्फबाट छुट्टै प्रवेशद्वार बनाइनेछ ।

## खानेपानी...

उद्योगबाट खरिद गरिएका बोतल र जारको पानी नल्याउन पनि मन्त्री खानले कर्मचारीलाई निर्देशन दिए।

खानेपानीमन्त्री अब्दुस खानले बुधबार पदभार ग्रहण गर्दै भने-हामीकहाँ यति धेरै खानेपानी वितरण गर्ने सरकारी संस्था छन्, तर सिंहदरबारमा किन बोतल र जारको पानी किनेर खाइरहेका छौँ ? तीन दिनभित्र सचिवज्यूले सिंहदरबारमा केयुकेएल, नेपाल खानेपानी संस्थान र मेलम्चीको पानी ल्याउने व्यवस्था मिलाउनुहोला।

सरकारले चक्रपथभित्र सबैजसो घर र गल्लीमा मेलम्चीअन्तर्गतको पानी वितरण गरे पनि सिंहदरबारमा धाराबाट पानी वितरणका लागि मेलम्चीले नयाँ पाइप बिछ्याएको छैन। पुरानो पाइपलाइन मात्रै छ, जसबाट साताामा बिहीबार र सोमबार पानी वितरण हुन्छ। त्यसैले सिंहदरबार खानेपानीमा पूर्णतः जार र बोतलको पानीमै निर्भर छ।

खानेपानी मन्त्रालयका अनुसार सिंहदरबारमा दैनिक चार हजार कार्टुन बोतल र चार हजार जार पानी खपत हुन्छ। यो पानी नेपाल बोतल वाटर खानेपानी संघअन्तर्गतका उद्योगले उपलब्ध गराउँछन्। निजी खानेपानी उद्योगबाट ल्याइएको पानीको शुल्क जोड्दा दैनिक झन्डै ६ लाख २० हजार रुपैयाँको खानेपानी सिंहदरबारमा खपत हुने गरेको छ। यसको मोटामोटी हिसाब हेर्दा मासिक झन्डै दुई करोड खर्च हुन्छ। सरकारी खानेपानी ल्याउने हो भने यति ठूलो आर्थिक भार घट्छ। मन्त्री खानले केयुकेएल र मेलम्चीको पानी प्रशोधन र शुद्धतामा ध्यान दिनुपर्ने बताए। सिंहदरबारमै केयुकेएलको पानी वितरण हुँदा यसको शुद्धतामा केन्द्र सरकारको अझ बढी चासो हुने उनको भनाइ छ।

उपत्यकामा खानेपानीसँग सम्बन्धित सरकारी निकायलाई गाभ्न नवनियुक्त खानेपानीमन्त्री खानलाई सुझावसमेत पेस गरिएको छ। खानेपानी मन्त्रालयका सचिव मणिराम गेलालगायतको टोलीले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) र मेलम्ची खानेपानी आयोजना (पिआइडी)लाई गाभ्न मन्त्रीलाई सुझाव दिइएको हो।

## प्रधानमन्त्री...

भ्रमणमा आउने गरी दिल्लीमा तयारी भएको छ।

प्रधानमन्त्री भएलगत्तै प्रचण्डलाई भारतीय विदेशसचिव क्वात्राले टेलिफोन गरेर बधाई दिँदै भारत भ्रमणका लागि भारत सरकारका तर्फबाट प्रस्ताव गरेका थिए। त्यसपछि प्रचण्डले एउटा भारतीय टेलिभिजनमा र बालुवाटारमा सम्पादकहरूसँगको भेटमा पहिलो विदेश भ्रमण भारतमा हुने बताएका थिए। प्रचण्डले दिल्लीस्थित नेपाली दूतावासले भ्रमणको तयारीमा काम गरिरहेको बताएका थिए।

परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले प्रधानमन्त्रीको भारत भ्रमण तयारीबारे सञ्चारमाध्यममा भन्न मिल्ने विषय अहिले नभएको बताइन्। भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले पनि भ्रमणका विषयमा प्रतिक्रिया दिएनन्। प्रधानमन्त्री प्रचण्डलाई भारतीय समकक्षी मोदीले पठाएको बधाई सन्देश १५ पुसमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले बालुवाटार पुगेर हस्तान्तरण गरेका थिए।

कूटनीतिक स्रोतका अनुसार मोदीको चिठीमा बधाई सन्देश मात्रै उल्लेख छ, निमन्त्रणा छैन। 'पछिल्लोपटक शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा र अहिले प्रचण्ड प्रधानमन्त्री हुँदा भारतीय प्रधानमन्त्रीबाट बधाई सन्देश मात्रै आएको छ, उहाँहरूभन्दा पहिला बधाई सन्देशमा निमन्त्रणा पनि आउँथ्यो, यसपटक बधाई मात्रै आएको छ,' कूटनीतिक स्रोतले भन्यो। प्रधानमन्त्री प्रचण्डलाई विदेशबाट आएका बधाई सन्देशमध्ये बंगलादेशका प्रधानमन्त्री शेख हसिनाको सन्देशमा मात्रै भ्रमणको निमन्त्रणा दिइएको छ। कूटनीतिक स्रोतका अनुसार माघ अन्तिम सातादेखि फागुन पहिलो साताबीचमा विदेशसचिव क्वात्रा नेपाल आउने तयारी छ।

## पाँचै...

रक्तसञ्चार गर्छ। दलहरूबीच बढ्दो भ्रष्टाचार र महँगीलाई नियन्त्रण गर्न, व्यापारघाटा कम गर्न, गरिबी अन्त्य गर्न, भारतले अतिक्रमित गरेका नेपाली भूभाग कालापानी, लिम्पियाधुरा, लिपुलेक, सुस्ताको १४ हजार हेक्टर जमिन फिर्ता ल्याउन, देशमा उद्योगधन्दाको बढोत्तरी गरी युवा समुदायलाई विदेश पलायन हुनबाट रोक्न, राष्ट्रिय गौरवका आयोजनाहरू समयमै सम्पन्न गर्न, असंलग्न विदेश नीतिलाई अक्षुण्ण राख्न, कृषि उपज वृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर बन्न, सरकारी सेवा सुविधामा खर्च कटौती गरी आर्थिक सूचकांकको ग्राफ उकालो लगाउन, योग्यता र क्षमताको आधारमा सरकारी नियुक्ति गर्ने लगायत विषयमा राष्ट्रिय सहमति हुन जरुरी छ। एमसीसी र महाकाली सन्धिजस्तै आत्मघाती अन्य सन्धि सम्झौतामा राष्ट्रिय सहमतिको कुरा गरिएको हो भने त्यो नेपाली जनतालाई कदापि स्वीकार्य छैन।

संसदमा कुनै पनि दलको बहुमत रहेको छैन। सबभन्दा ठूलो दलको हैसियतले कांग्रेसले नै राष्ट्रिय सहमतिको अग्रसरता लिनुपर्ने हो। तर प्रधानमन्त्री र राष्ट्रपति दुवै पद नछोड्ने कांग्रेस अडानले प्रचण्डलाई बालकोट बार्दलीमा उभिन बाध्य बनायो। कांग्रेसकै कारण प्रचण्डले गणतन्त्र र संघीयता विरोधी शक्तिहरू रास्वपा र राप्रपाको वैशाखी टेक्नुपऱ्यो। राष्ट्रपति पद प्राप्तिकै लागि कांग्रेसले राष्ट्रिय सहमतिको वकालत गर्नु शक्ति सन्तुलनका हिसाबले मनासिब नै ठानिए पनि अन्य राष्ट्रिय महत्वका विषय नउठाउनु विडम्बनापूर्ण छ। मुलुकलाई कसरी समृद्ध बनाउन सकिन्छ ? यस विषयमा कुनै पनि दलहरूसँग स्पष्ट भिजन छैन। दलीय घोषणापत्रहरू केवल जनतालाई झुक्याएर चुनाव जित्नका लागि मात्र लेखिएका छन्। राप्रपाले घोषणापत्रमा सरकारमा सामेल नहुने कबुल गरेको थियो। नेताहरूलाई 'चोर' देख्ने तिनै राजेन्द्र लिङदेन अहिले चोरहरूकै पंक्तिमा लामबद्ध भएका छन्। धेरै उपप्रधानमन्त्री किन चाहियो भन्दै 'सिधा कुरा जनतासँग' टिभी कार्यक्रममार्फत तत्कालीन प्रधानमन्त्री केपी ओलीको उछितो काढ्ने रवि लामिछाने उनै ओलीको निगाहमा उपप्रधानमन्त्री भएका छन्। मालदार मन्त्रालय नपाएर जसपा सरकारमै गएको छैन। अहिले उपराष्ट्रपतिमा समेत 'बार्गेनिङ' गरिरहेको छ। दल र तिनका नेताहरूको देश बनाउने होइन आफू र पार्टी बन्ने र बनाउने तिकडमबाजीकै कारण नेपाल असफल राष्ट्र बन्ने मार्गमा घचेटिँदै गएको हो।

अहिले कांग्रेस, एमाले र माओवादीको ध्यान भावी राष्ट्रपतिमा केन्द्रित देखिएको छ। निर्वाचन आयोगले राष्ट्रपति निर्वाचनको कार्यक्रम सार्वजनिक गरिसकेको छैन। एमाले निर्वाचनलाई लम्ब्याउने पक्षमा छ भन्ने आरोप कांग्रेसले लगाइरहेको छ। तर प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले संविधान मुताबिक नै राष्ट्रपति उपराष्ट्रपतिको निर्वाचन हुने बताइरहेका छन्। राष्ट्रपतिका लागि पहिले दलहरूमा यतिबिघ्न आकर्षण थिएन। जब तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुई दुई पटक गरेको संसद विघटनलाई राष्ट्रपति विद्यादेवी भण्डारीले सदर गरिदिइन् अनि संसदले दुई दुई पटक पारित गरेको नागरिकता विधेयकलाई रोकिदिइन्, त्यसपछि नै हो राष्ट्रपति पदको महत्व बढेको।

कार्यकारी प्रमुखलाई राष्ट्रपतिले अप्ठेरोमा पार्न सक्छन् भन्ने स्पष्ट भएपछि नै राष्ट्रपति पदलाई दलहरूले कम नआँकेका हुन्। संविधानले राष्ट्रपतिलाई 'आलंकारिक' रुपमा राखेको छ। तर नेपाली सेनाका परमाधिपति राष्ट्रपति हुने भएकाले पनि यो पद अति महत्वपूर्ण मानिन्छ। अढाई वर्षपछि प्रधानमन्त्री बन्ने तयारीमा रहेका एमाले अध्यक्ष ओली आफूप्रति बफादार पात्रलाई राष्ट्रपति बनाउने सुरसारमा छन्।

सुवास नेम्बाङ, अष्टलक्ष्मी शाक्य र ईश्वर पोखरेलको नाम एमालेभित्र चर्चामा छ। शाक्य माधव नेपाल गुटमा सधैं बसेकी र पछि मात्र ओली गुटमा सामेल भएकी हुन्। ईश्वर पोखरेल आफ्नो छुट्टै समूह बनाएर ओलीविरुद्ध सक्रिय भएको मानिन्छन्। यी दुईप्रति ओली विश्वस्त छैनन्। सुवास नेम्बाङ नै ओलीको पहिलो रोजाइमा देखिन्छन् किनकि उनी ओलीको आदेशको हुबहु पालना गर्ने एमाले मनुवा हुन्।

कांग्रेसले पनि राष्ट्रपतिमा उम्मेदवारी दिने भएको छ। रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाको नाम चर्चामा छ। सिटौला भारतपरस्त कांग्रेसी भनेर चिनिन्छन्। द्वन्द्वकै बेला पनि उनी प्रचण्ड बाबुरामको सम्पर्कमा थिए। गृहमन्त्रीका रुपमा प्रचण्डलाई बालुवाटार ल्याउने उनै हुन्। राजालाई नारायणहिटी छोड्न सुझाएका सिटौलाप्रति प्रधानमन्त्री प्रचण्ड विश्वस्त बन्न सक्ने भएकाले देउवाले सिटौलालाई राष्ट्रपतिमा अघि बढाउने प्रबल सम्भावना छ। कांग्रेसलाई राष्ट्रपति बनाएर उसको समर्थनमा पूरा कार्यकाल प्रधानमन्त्री बन्ने प्रचण्ड खेलले ओलीलाई शसंकित बनाइरहेको छ।

## बन्द गर्दै...

विद्यमान कानुन र मापदण्ड पूरा नगरी सञ्चालनमा रहेका क्रसरले प्राकृतिक स्रोतको दोहन र वातावरणीय क्षति निम्त्याएको भन्दै विवाद हुँदै आएको छ। त्यस्ता क्रसरलाई नियमन गर्ने भन्दै उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले बन्द नै गर्ने निर्णय गरेका थिए। गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलका अनुसार २० पुसको निर्णयपछि हालसम्म देशभर करिब आठ सय क्रसर बन्द गरिए। गृह प्रशासनले क्रसरहरू धमाधम बन्द गरेपछि व्यवसायीले मन्त्रीहरूलाई भेटेर दबाब बढाउन थाले। त्यस्तै, सञ्चालनमा रहेका क्रसरबाट समेत ढुंगा, गिटी, बालुवाको उत्पादन ठप्प बनाए। सरकारलाई दबाब दिन उनीहरूले निर्माणजन्य सामग्रीको आपूर्ति नै रोकेका थिए। त्यसको असर ठूला पूर्वाधार र विकास निर्माणमै देखिएपछि सरकारले सर्त राखेर खोल्न दिने निर्णय गरेको हो।

## सूर्तीजन्य...

किराना पसललगायत अन्य पसलको बिक्रीस्थलमा आफ्नो कम्पनीको नाम र दररेटसहित चुरोट, गुट्खा र बिँडीको मूल्यसूची राखेर विज्ञापन गरेको पाइएकाले बन्द गर्न निर्देशन दिएको बताए।

उनले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १०, सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशिका, २०७१ को दफा ४० र दफा ४१ तथा जनस्वास्थ्य ऐन, २०७५ को दफा ४५ विपरीत ती कम्पनीले पसल अगाडि चुरोट, गुटखा र बिँडीको नाम र मूल्यसहित पोस्टर टाँस गरेको पाइएकाले रोक्न निर्देशन दिएको बताए। उनले चुरोट, गुट्खा र बिँडीको मूल्यसहित पोस्टर टाँस गरिएमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन ऐन, २०६८ को दफा १७ र जनस्वास्थ्य ऐन, २०७५ को दफा ५३ बमोजिम उक्त चुरोट कम्पनीलाई जरिवाना गरिने बताए।

## देशैभर...

भक्तजनले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन्।

विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन्। सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन्।

सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजको दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ। ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने उल्लेख छ। यसैकारणले सरस्वती पूजालाई ठूलो महत्व दिइन्छ। आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने विश्वास छ।

आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ।

उपत्यकाका स्वयम्भू, मैतीदेवी र गैरीधारास्थित नीलसरस्वती, ललितपुरको लेलेलगायत अन्य जिल्लामा रहेका सरस्वतीका मन्दिरमा आज बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लाग्ने गर्छ। सरस्वतीलाई चढाइएको सात गैँडा अक्षता निलेमा विद्या र बुद्धि स्फुरण भई विद्यादेवीबाट चेतनाको ज्योति पाइन्छ भन्ने धार्मिक विश्वास छ।

## नेपाली सेना...

हो माघ १०। नेपाललाई जितेर लुटपाट मच्चाउन आएको विदेशी सेनालाई नेपाली सेनाले पराजित गरेको आजको दिन नेपाललाई स्वतन्त्र मुलुकको रुपमा स्थापित गराउन महत्वपूर्ण दिन भएको इतिहासकार बताउँछन्। त्यस लडाइँमा बङ्गाली सेनाबाट जफत गरिएका हातहतियारको कारण नै गोर्खाली सेनाले नेपाल एकीकरण अभियान सफल बनाएका थिए भने नेपाली सेना व्यवस्थित हुने अवसर प्राप्त भएको थियो। माघ १० नेपालको इतिहासमा गर्विलो दिन भएको इतिहासकारको भनाइ छ।

नेपाली सेनाले विदेशी सेनासँग लडेर सबैभन्दा धेरैको सङ्ख्यामा हताहती गरेको र ठूलो परिमाणमा हातहतियार कब्जा गरेको दिनको रुपमा हरेक वर्ष माघ १० गते मकवानपुरको मकवानपुर गढीमा विजयोत्सव मनाउने गरिन्छ।

मकवानपुरसँगको लडाइँ जितेर काठमाडौँ उपत्यका छिर्ने र पशुपति, स्वयम्भूजस्ता क्षेत्रमा लुटपाट गर्ने योजना बङ्गाली फौजको थियो। पुसमा मकवानपुरमा आएको त्यस बङ्गाली फौजले १२ दिनसम्म हर्नामाडीको चौकी तथा पशुपन्छी र अन्नपात कब्जा जमाएर बस्यो। गुरिल्ला युद्ध गर्न माहिर गोर्खाली सेनाले त्यो अवधिभर युद्धको तयारी र तालिम गर्न पायो। माघ ९ गते मध्यराति सम्पूर्ण तयारी सकेर गोर्खाली फौजले चारैतिरबाट आक्रमण ग-यो।

इतिहासकारका अनुसार चार सय दक्ष र केही झारा सैनिक रहेको गोर्खालीले तीन हजार फौजको युरोपेली कमाण्डरसहितको बङ्गाली सेनामा हाहाकार मच्चाए। विसं १८१९ माघ ९ गते सुरु भएर १० गते बिहान सकिएको त्यस युद्धमा बङ्गालका तीन हजारमध्ये एक हजार सात सय सेना मारिए। नेपालका दुई कमाण्डरसहित २०/२५ जना सेना मारिएको वंशावलीलाई उल्लेख गर्दै इतिहासकार बाबुराम आचार्यले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।

आजभन्दा दुई सय ६० वर्षअघिको आजकै दिनको जितपछि गोर्खाली सेनाले कासिमका फौजबाट पाँच सयभन्दा धेरै राइफल र दुई (कतै चार तोप हात पारेको उल्लेख छ) तोप हात पारेर चार गुल्म श्रीनाथ, कालीबक्स, बर्दबहादुर र सबुज गुल्म बनायो। केही समयपछि पुरानो गोरख गुल्मसमेत स्थापना गर्न सफल भयो।

इतिहासकारका अनुसार सो युद्धमा मकवानपुरगढीका सेना नायक सरदार नन्दु शाहको नेतृत्वमा चार सय सैनिक थिए। पछि पृथ्वीनारायणले थप आठ सय सेनासमेत पठाएका थिए तर उनीहरू आइपुग्नु अगाडि लडाइँ सकिएको थियो। पहिलो विजयोत्सवमा सहभागी हुन पृथ्वीनारायण शाह स्वयं यहाँ आएको जानकार बताउँछन्।

नेपाल एकीकरणको सुनौलो अवसरको रुपमा सैनिक इतिहासमा लेखिएको त्यो लडाइँ देशकै सबैभन्दा ठूलो गढीको रुपमा रहेको मकवानपुर गढी नजिकै शिखरकटेरीमा भएको बताइन्छ। लडाइँमा हारेर भागेका बङ्गालीलाई हर्नामाडीसम्मै खेदेका गोर्खाली सेनाको घेराबाट गुरगिर खाँ भाग्न सफल भएका थिए।

मकवानपुर गढीको इतिहास

विशाल मकवानपुरगढी मुसलमानी आक्रमणबाट बाँच्न भारतबाट भागेर आएका सेनवंशीय राजखलक तुला सेनले विसं १००० मा निर्माण गरेको भनिए पनि यथेष्ठ प्रमाण पुग्दैन तर पुरातत्व विभागका तत्कालीन प्रमुख अनुसन्धान अधिकारी जनकलाल शर्मालाई उद्धृत गर्दै पुरातत्व विभागका अभिलेख विशेषज्ञ साफल्य अमात्यको २०२७ सालमा प्रकाशित प्रतिवेदनले एघारौँ शताब्दीमा मकवानपुर शक्तिसाली सेन राज्य बनिसकेको थियो भनेर लेखेको छ।

कतिपय इतिहासकारका अनुसार पनि नेपालका सेन वंशहरूको उद्गमस्थल मकवानपुर नै हो। पाल्पाका राजा मुकुन्द सेनले आफूलाई मकवानी भनेको कतिपय लेखोट तथा शिलालेखमा पाइएकालाई आधार मान्दा सेनहरू पाल्पाबाट मकवानपुर नभएर मकवानपुरबाट पाल्पा गएको मान्न सकिन्छ। सेनहरूको वंशावलीअनुसार १५०० सालतिर खाम सेन नाम गरेका राजाले पाल्पामा राज्य खडा गरेर सेन वंशको सुरुआत गरेका हुन्। मुकुन्द सेन तिनै खाम सेनका पनाति हुन्। खाम सेनका छोरा चन्द्र सेन, चन्द्र सेनका छोरा रुद्र सेन र रुद्र सेनका छोरा मुकुन्द सेन भएको उक्त वंशावलीमा उल्लेख छ।

मकवानपुरको अध्ययन गर्न २०२७ सालमा अभिलेख विशेषज्ञ साफल्य अमात्यको नेतृत्वमा बनेको एक सरकारी टोलीले यहाँको वस्तुस्थिति, शिलालेख, ताम्रपत्र आदिको अध्ययन गरेर सरकारलाई बुझाएको प्रतिवेदनमा तुला सेनले मकवानपुरगढी निर्माण गरेर राज्य सम्हालेको उल्लेख छ। प्रतिवेदनले एक प्राचीन वंशावलीलाई उद्धृत गर्दै तुला सेनपछि यस गढीमा दलभञ्जन सेन, गजपति सेन, चन्द्र सेन, रुद्र सेन राजा भएको उल्लेख गरेको छ। जुन माथि उल्लेख गरिएको पाल्पाली वंशलतामा मेल त खान्छ तर केही नाममा फरक र तिथि मितिमा एक रुपता नहुँदा अधिकांश इतिहासकारको मत बाझिएकाले ठोस र आधिकारिक धारणा निर्माण हुन सकेको छैन।

अधिकांश इतिहासकारको मतैक्यता भने मुकुन्द सेनले राजकाज त्यागी सन्यास धारण गर्ने क्रममा विशाल सेन राज्यलाई आफ्ना चार भाइ छोराहरू र दुई भाइ नातिहरूलाई बाँडिदिएपछि कान्छा छोरा लोहाङ सेनको भागमा मकवानपुर पर्न गयो। विसं १६१० मा लोहाङ सेनले आफ्ना पुर्खा तुला सेनले निर्माण गरेको किल्ला रहेको मकवानपुर गढीलाई नै आफ्नो राजधानी बनाएर स्वतन्त्र मकवानपुरको राजा भए।

लोहाङ सेनसहित मकवानपुरमा राघव सेन, हरिहर सेन, शुभ सेन, माणिक सेन, हेमकर्ण सेन र दिग्वन्धन सेन गरी सात पुस्ताले २०९ वर्षसम्म शासन सञ्चालन गरेको पाइन्छ। विसं १८१९ भदौ ९ गते गोर्खाका राजा पृथ्वीनारायण शाहको फौजसँग पराजित भएपछि मकवानपुरका अन्तिम राजा दिग्वन्धन सेन भागेर सिन्धुली गढी हुँदै बङ्गाल पुगेर त्यहाँका बादशाह मीर कासिमसँग गुहार मागेका हुनङ। लडाइँ हारेर बङ्गालीहरू भागेपछि दिग्वन्धन सेन पृथ्वीनारायण शाहको कब्जामा परे। गोर्खामा नजरबन्ध रहेको अवस्थामा उनको निधन भएको इतिहासकार बताउँछन्।

विसं १७९० मा गद्धी सम्हालेका २६ वर्षसम्म मकवानपुरको राजा भएका हेमकर्ण सेनका छोरा तथा पृथ्वीनारायणका जेठान थिए दिग्वन्धन सेन। राजा हेमकर्णकी छोरी इन्द्रकुमारी सेनसँग गोरखाका युवराज छँदा पृथ्वीनारायण शाहको विवाह भएको थियो। विसं १८१६ मा हेमकर्ण सेनको मृत्युपछि मकवानपुरको गद्धीमा बसेका दिग्वन्धन सेन राजा भएको दुई वर्ष नपुग्दै पृथ्वीनारायणको आक्रमणमा राज्यच्यूत भएर गोर्खामा नजरबन्दमा अन्तिम श्वास फेर्न विवश भए।

प्रा दिनेशराज पन्तले मकवानपुरगढीका 'दयगतमा लेखेका एक लेखका अनुसार १७९४ सालमा पृथ्वीनारायणको विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भयो। हेमकर्ण सेनका छोरा दिग्वन्धनसँग पृथ्वीनारायणको सम्बन्ध राम्रो भएन। हेमकर्णले कन्यादानका समयमा छोरीलाई गजमोतीको हार लगाइदिएका थिए र दुलाहा दुलहीलाई एकदन्ता हात्तीमा चढाएका थिए।

पृथ्वीनारायणले ती हार र हात्ती माग गर्दा दिग्वन्धनसँग झगडा पऱ्यो र पृथ्वीनारायण फर्केका थिए। पृथ्वीनारायणलाई सासूअर्थात् हेमकर्ण सेनकी रानीले निकै चोट पुऱ्याउने गरी भनेको वंशावलीअनुसार थाहा पाउन सकिन्छ। पृथ्वीनारायण राज्य विस्तारमा थप उत्साहित हुँदै गोर्खा फर्केका थिए।

उनलाई मकवानपुर घटनाबाट हीनताबोध वा ग्लानी हैन नेपाल एकीकरण गर्ने प्रेरणा प्राप्त भएको वंशावलीबाट थाहा पाउन सकिन्छ। पृथ्वीनारायणले मकवानपुरमा हमला गर्ने विचार गर्नाको अर्को कारण नेपाल खाल्डोलाई नाकाबन्दी गरेर गलाउने र गोर्खामा मिलाउने पृथ्वीनारायणको रणनीतिलाई मकवानपुरले चुनौती दिएको थियो। नाकाबन्दी गर्दा मकवानपुरले व्यापार गर्न नपाउँदा मकवानपुरमा नकारात्मक प्रभाव पर्ने देखेर पनि मकवानपुरले गोर्खालाई सहयोग गरेन।

त्यसमा पनि पृथ्वीनारायण र दिग्वन्धनबीच सम्बन्ध पनि खासै राम्रो थिएन। त्यसपछि भने पृथ्वीनारायण मकवानपुर कुनै पनि हालतमा जित्नुपर्छ भनी सैनिक परिचालन गर्ने निर्णयमा पुगे। विसं १८१९ मा शुरप्रताप शाहको नेतृत्वमा एक हजार एक सय गोर्खाली सेना मकवानपुर पठाइयो। शुरप्रतापसँगै महोद्दामकीर्ति शाह, दलमर्दन शाह, रणरुद्र शाह, नन्दु शाह, काजी वंशराज पाण्डे, काजी कहरसिंह बस्नेत, काजी नरसिंह बस्नेत तथा काजी अभिमानसिंह बस्नेतको नेतृत्वको गार्खाली सेनाले मकवानपुरमाथि आक्रमण गऱ्यो।

मकवानपुरगढीको इतिहासका जानकार केदार न्यौपानेका अनुसार मकवानपुरका राजा दिग्वन्धन तथा मन्त्री कनकसिंह बानियाँले परिवारलाई सुरक्षित ठाउँमा पठाइसकेका थिए। कतिपय सक्षम लडाकु पनि उनीहरूको सुरक्षामा लगाइएकाले मकवानपुरे सेना कमजोर थियो। मकवानपुरे सेनाले बहादुरीसाथ लडे र पाँच सय जनाको ज्यान गुमाउँदै मकवानपुरले लडाइँ हाऱ्यो। लडाइँ हारिने डरले राजा दिग्वन्धन तथा मन्त्री कनकसिंह भागेर हरिहरपुरगढीतर्फ लागिसकेका थिए। राससबाट


## प्रेमप्रसाद...

अभियोगमा १७ डिसेम्बर २०१० मा त्यहाँको प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरी हिरासतबाट उनी मुक्त भए पनि उनमा हिनताबोध पैदा भयो। कुनै अपराध नगरे पनि प्रहरीले उनीमाथि अपराधीलाई गर्ने व्यवहार गरेकाले उनमा घोर नैराश्यता उत्पन्न भयो। श्रम गरेर जीविकोपार्जन गर्न समेत नपाउनुजस्तो अमानवीय व्यवहार सहनुभन्दा बरु धर्ती नै छोड्नु बेस ठाने उनले। निराशा, ग्लानी र आक्रोशले उनलाई आत्मदाह गर्न प्रेरित गऱ्यो। एक्लो युवाले राज्यविरुद्ध विद्रोह गर्न सक्ने कुरा पनि थिएन। ४ फेब्रुअरी २०११ मा आफ्नो शरीरमा आफैंले पेट्रोल खन्याएर आगो झोसे।, त्यो पनि सरकारी कार्यालयहरूको सामुन्ने।

वैआजिजीको आत्मदाहले ट्युनिसियालाई नै डढेलो लगायो। हजारौं हजार युवाहरू सरकारको विरोधमा सडकमा उत्रिए। सरकारी प्रहरी सेना अनि तिनका हतियारहरू जनशक्तिका अघि भुत्ते सावित भए। एक महिनाको भव्य जनसंघर्षले २३ वर्षसम्म निरंकुश शासन गरेका राष्ट्रपति जिनअल अविदिन अलीलाई ट्युनिसिया नै छोड्न बाध्य बनायो। उनी अरबमा शरण लिन पुगे। महिना फेब्रुअरी नै तारेख भने फरक (२४) मा।

आफूले आत्मदाह गर्नुपर्ने कारणसहित उनले जीवनको लामो भोगाइ वर्णन फेसबुकमार्फत लेखेका थिए। उनले सरकारले गर्नुपर्ने २५ कामको फेहरिस्त पनि सुझाएका छन्। सफल उद्यमी बन्ने सपना साँचेर अघि बढ्दै गर्दा सबैतिरबाट धोका खाएपछि र राज्यका संयन्त्र नै फितलो र कमिशनको चक्करमा डुबेको पाएपछि निराश बनेका उनले फेसबुकमा लामो स्टाटस लेखी राज्यलाई दोष दिएर आत्मदाहको बाटो रोजे। आचार्यले आत्मदाह गरेपछि युवाहरूले उनको समर्थनमा 'के गरिखान खोज्ने अपराध हो ?' जस्ता प्लेकार्डसहितका जुलुस नै निकाले। तर उनको आत्मदाह वैआजिजीको जस्तो गह्रौं भने हुन सकेन। नत्र युवाहरूले भ्रष्ट नेताहरूलाई तानेर चुट्थे। युवाहरूलाई विदेश पलायन हुन र आत्मदाह गर्न बाध्य पार्ने तिनै नेताहरू त हुन्। आजसम्म ५ वर्षभित्रमा ३४ हजारले आत्महत्या गरेको तथ्य फेला परेको छ।

## लिटरेसी...



कार्यक्रमको समापन समारोह रोटरी क्लब काठमाडौंका पूर्वअध्यक्ष राजेन्द्रकुमार दाहालको सभापतित्व एवं रोटरी नेपाल लिटरेसी मिसनका अध्यक्ष पीडीजी आरटीएन तिर्थमान शाक्यको प्रमुख आथित्यमा सञ्चालित भएको थियो।

उक्त कार्यक्रममा रोटरी नेपाल लिटरेसी मिसनका सहअध्यक्ष पीडीजी आरटीएन किरणलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो। उक्त ट्रेनिङको सहजीकरण रोटरी क्लब काठमाडौंका सहसचिव केशवराज ज्ञवालीले गरेका थिए। त्यसैगरी उक्त कार्यक्रमको उद्घाटनमा रोटरी क्लब अफ काठमाडौंका अध्यक्ष अच्युतबाबु ओझा, काठमाडौं महानगरपालिकाका शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले बोल्नुभएको थियो। विशेष अतिथि सुवेदीले आगामी दिनहरूमा शिक्षकहरूलाई उत्प्रेरित गरी शिक्षाको गुणस्तर बढाउन यस्ता कार्यक्रमहरू अर्थपूर्ण हुने कुरा बताउनुभयो। रोटरी क्लब काठमाडौंका अध्यक्ष तीर्थराज दाहालले आगामी दिनहरूमा यस्ता कार्यक्रमहरू लगातार विभिन्न निकायहरूको समन्वयमा सञ्चालन गरिने कुरा बताउनुभयो। रोटरी क्लब काठमाडौंले लकडाउनको बेलामा पनि देशव्यापी रुपमा जुम कक्षा सञ्चालन गरेको थियो। रोटरी क्लबको यो चौथो आईसीटी तालिम हो।

## प्रतिष्ठान...

फाउण्डेसन साँखुमा पुनर्स्थापित दुर्व्यसनी महिलाहरूका लागि रु. ६९ हजारको ऊनी कम्बल, थापा गाउँ सुधार समिति थापा गाउँ बानेश्वरका युवाहरूका लागि रु. ५ हजारको खेलकुद सहयोग, विश्व हिन्दु युवा संघ मृगस्थली पशुपतीनाथको कार्यालय व्यवस्थापनका लागि रु. १ लाख ५२ हजार, बालकुमारी आधारभूत विद्यालयको एक बाल कक्षाकी शिक्षिकाको तलब र बालबालिकाको छालाको जुत्ताका लागि रु. २ लाख र सैंपाल एकेडेमीमा १२ कक्षामा अध्ययनरत निसहाय बालिकाको पूजा थापा शैक्षिक शुल्क वापत रु. १० हजारको सहयोग प्रदान भएको छ। उक्त सबै संस्था तथा व्यक्तिहरूलाई प्रदान गरिएको सहयोगबाट सामाजिक विकासमा सहयोग पुग्ने अपेक्षा प्रतिष्ठानले गरेको अध्यक्ष सुरेन्द्र ढकालले बताउनु भएको छ।

## विश्वको...

वास्तवमा बढ्दो मुद्रास्फीति नियन्त्रण गर्न विश्वभरका केन्द्रीय बैंकहरूले ब्याजदर बढाउन थालेका छन्। त्यही भएर यस्तो अवस्था सिर्जना भएको हो। यसैबीच, चीनले देशमा तीव्र गतिमा फैलिरहेको कोरोना संक्रमणको बाबजुद शून्य-कोविड नीति समाप्त गरी आफ्नो अर्थतन्त्र पुनः खोलेको छ।

आइएमएफ १९० सदस्य राष्ट्रहरूको संगठन हो। विश्व अर्थतन्त्रमा स्थायित्व ल्याउन यी सबै देश मिलेर काम गर्छन्। यसको मुख्य भूमिका मध्ये एक अर्थतन्त्रको साथ आसन्न समस्याहरूको बारेमा प्रारम्भिक चेतावनी संकेतहरू प्रदान गर्नु हो। जर्जिभाको टिप्पणी एसियाका लागि मात्र नभई सम्पूर्ण विश्वका लागि चेतावनी हो। गत वर्ष एसियाली अर्थतन्त्रका लागि कठिन रह्यो।'विश्वका साथै एशियामा मुद्रास्फीति तीव्र गतिमा बढिरहेको छ। युक्रेनमा जारी युद्धले यसमा प्रमुख भूमिका खेलेको छ।उच्च ब्याजदरले आम मानिस र व्यवसायी दुवैलाई समस्यामा पारेको छ। गत साताको अन्त्यमा जारी गरिएको तथ्यांकले सन् २०२२ को अन्त्यमा चिनियाँ अर्थतन्त्रमा कमजोरी देखाएको छ। डिसेम्बरमा जारी गरिएको चीनको आधिकारिक पीएमआई (पर्चेजिङ म्यानेजर्स इन्डेक्स) अनुसार लगातार तेस्रो महिना देशमा उत्पादन गतिविधिमा कमी आएको छ।

## व्यापारघाटा...

अन्तर ८ खर्ब ८० अर्ब ४९ करोड रुपैयाँ थियो। भन्सार विभागका अनुसार पुस मसान्तसम्म ७ खर्ब ९२ अर्ब ६६ करोड रुपैयाँको वस्तु आयात हुँदा मात्र ८० अर्ब ८० करोडको वस्तु निर्यात भएको छ। तथ्यांकले निर्यातभन्दा ९ दशमलव ८१ गुणा बढी वस्तु आयात भएको देखाउँछ।

अघिल्लो आवको सोही अवधिको तुलनामा आयात २० दशमलव ६८ प्रतिशतले खुम्चिँदा निर्यात ३२ प्रतिशतले कम भएको हो। गत आवको पुससम्म ९ खर्ब ९९ अर्ब ३४ करोड रुपैयाँको वस्तु आयात भएकामा १ खर्ब १८ अर्ब ८५ करोड रुपैयाँको निर्यात भएको थियो। विलासिताका वस्तु आयातमा सरकारले प्रतिबन्ध लगाउँदा आयात ह्वात्तै घटेको भन्सार विभागको तथ्यांकले देखाउँछ। सरकारले गत वैशाखदेखि मंसिरसम्म विलासिताका वस्तु आयातमा प्रतिबन्ध लगाएको थियो।

गत आवको पुस मसान्तसम्म वैदेशिक व्यापारमा निर्यातको हिस्सा १० दशमलव ६३ प्रतिशत रहेकामा चालू आवको पुस मसान्तसम्म यस्तो हिस्सा ९ दशमलव २५ प्रतिशतमा खुम्चिएको छ। सरकारले पुस १ गतेदेखि लागू हुने गरी आयात प्रतिबन्ध हटाएको छ।